मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ५३ ● २०८० साल पुष २५ गते बुधबार ● Wednesday 10, January 2024 ● सूर्योदय: बिहान ६:५६ बजे ● सूर्यास्त: साँझ ५:२९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# जाडोले जनजीवन प्रभावित विद्यालयमा बिदा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
केही दिन यतादेखि बढ्दै गएको कठ्यांग्रिदो जाडो र शितलहरले मधेश प्रदेशको जनजविन प्रभावित भएको छ । जाडोले विपन्न परिवार, जेष्ठ नागरिक, बालबालिका र बिरामी सबैभन्दा प्रभावित भएका छन् । जाडो अत्यधिक महसुस भएपछि बारा, पर्सा र रौतहटमा विद्यालय नै बन्द गरिएको छ ।
चिसो बढेसँगै तराईका अधिकांश भागमा हुस्सु र कुहिरो लागेपछि जनजीवन प्रभावित भएको हो । सर्वसाधारण चोक, चौतारा, बाटोमा आगो तापेर बसेका छन् । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मंगलबार बिहान सार्वजनिक गरेको मौसम बुलेटिनमा कोशी प्रदेशको पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागमा मौसम मुख्यतया सफा रहेको र तराईका अधिकांश भूभागमा भने हुस्सु र कुहिरो लागेको जनाएको थियो । विभागले दैनिक जनजीवन, स्वास्थ्य, यातायात तथा हवाई यातायातमा प्रभाव पर्नसक्ने बताउँदै त्यसबाट हुनसक्ने असरका साथै चिसोबाट बच्न आवश्यक उपाय तथा सतर्कता अपनाउन अनुरोध गरेको थियो । विभागले तराई भूभागका केही स्थानमा बिहानीपख हुस्सु–कुहिरो लाग्ने तथा अपराह्नसम्ममा क्रमिकरूपमा सुधार हुने बताए पनि जाडो नघट्दा जनजीवन प्रभावित बनेको छ ।
अत्यधिक चिसो बढेपछि बाराको जीतपुरसिमरा र सदरमुकाम कलैया उपमहानगरले ३ दिनका लागि विद्यालयमा पठनपाठन बन्द गरेको छ । नगरप्रमुखस्तरीय निर्णयमा ३ दिनका लागि शैक्षिक संस्था बन्द गरिएको हो । चिसो बढेका कारण विद्यालयमा पठनपाठनमा समस्या भएको भन्दै शिक्षक र अभिभावकबाट गुनासो आएपछि उपमहानगरले पठनपाठन बन्द गर्ने निर्णय गरेको जीतपुरसिमरा उपमहानगर शिक्षा शाखाले जनाएको छ ।
कलैया उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले चिसोका कारण विद्यार्थीको स्वास्थ्यलाई ख्याल राखेर विद्यालय बन्द गर्ने निर्णय गरिएको बताए । कलैया उपमहानगरमा ७१ वटा सामुदायिक र ६५ वटा संस्थागत विद्यालय छन् भने जीतपुरसिमरामा ६१ वटा सामुदायिक र ५१ वटा संस्थागत (निजी) विद्यालय छन् । विद्यालयहरू बीचमा सार्वजनिक बिदा भएकाले माघ २ गतेबाट मात्रै खुल्ने जनाइएको छ ।
यस्तै, शीतलहरसँगै चिसो बढेपछि रौतहटको सामुदायिक विद्यालय धमाधम बन्द भएका छन् ।
शिक्षा समन्वय इकाई रौतहटका प्रमुख रामविनय कुमार सिंहले सूचना जारी गर्दै जाडो छल्न सामुदायिक विद्यालयमा बिदा दिन निर्देशन दिएपछि सोमबारदेखि नै कैयौँ स्थानीय तहले सामुदायिक विद्यालयमा बिदाको सूचना जारी गरेका छन् ।
कटहरिया, फतुवा विजयपुर, देवाही गोनाहीलगायतका पालिकाका विद्यालयले चिसो बढेको उल्लेख गर्दै बिदा दिएको छ । पुस २४ गतेदेखि २६ गतेसम्म तीन दिन विद्यालयमा बिदा गरिएको छ । केही पालिकाले भने छुट्टाछुट्टै सूचना जारी गर्दै तीनदेखि ५ दिनसम्म बिदा दिएको शिक्षा समन्वय इकाई रौतहटले जनाएको छ ।
यता, विगत केहि दिनदेखि बढदै गरेको कठ्यांग्रिदो जाडो र शितलहरका कारण विशेष गरी विद्यालयका बालबालिका प्रभावित भएसँगै वीरगंज महानगरपालिकाले पुस २३ गते देखि माघ १ गते सम्म जाडो बिदा दिएको छ ।
महानगरपालिकाका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयलाई वीरगंज महानगरपालिकाको नगर शिक्षा समितिको बैठकको निर्णयअनुसार केही दिनदेखि चिसो बढ्दै गइरहेकाले विद्यार्थीको स्वास्थ्यलाई मध्यनजर गर्दै पुस २३ गते देखि माघ १ गतेसम्म जाडो बिदा दिइएको हो ।
केही दिनदेखि बढेको चिसोका कारण बारा, पर्सा, रौतहट लगायतका जिल्लामा बिहान बाक्लो हुस्सुसहितको शितलहरले जनजीवन प्रभावित हुँदै आएको छ । दिउँसो १२ बजेपछि भने हल्का घाम लाग्ने भए पनि बिहान बेलुका अत्यधिक चिसोले बालबालिका, वृद्धवृद्धा तथा मजदुर प्रभावित भएका छन् ।
यस्तै, चिसो बढ्दै गएपछि पर्साको बहुदरमाई नगरपालिकाका विद्यालयहरु सोमबारदेखि नै चार दिनका लागि बन्द भइसकेका छन् । तराई–मधेशमा केही दिनयता चिसो बढ्दै गएका कारण जनजीवन प्रभावित भएको छ । हुस्सु लाग्नुका साथै घामपनि लाग्न छाडेपछि चिसो बढेको र यसले विद्यालयमा बालबालिकालाई पठनपाठनमा समस्या भएकाले त्यसैलाई मध्यनजर गरी बहुदरमाई नगरपालिकाले चार दिनका लागि विद्यालय बन्द गर्ने निर्णय गरेको हो । जाडोबाट जोगिन सर्वसाधारणले सार्वजनिक स्थलमा आगो बालेर ताप्ने गरेका छन् ।

# मिटरब्याजी पीडितलाई खुकुरी प्रहार गर्ने पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
प्रहरीले मिटरब्याज पीडितमाथि दुव्र्यवहारसँगै खुकरी प्रहार प्रयास गरेको आरोपमा कल्याणपुर नगरपालिका–८ अरङका रामनारायण सिंहलाई पक्राउ गरेको छ । उनले मिटरब्याज पीडित सञ्जयकुमार कामतीमाथि दुव्र्यवहारसँगै खुकुरी प्रहारको प्रयास गरेको पाइएको छ । सिंहलाई घरबाटै पक्राउ गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी जितेन्द्र बस्नेतले जानकारी दिए ।
'भिडियोमा खुकुरी तेस्र्याएको पाइएपछि सिंह घरबाटै पक्राउ परेका हुन् ।
यद्यपि पीडितले भने अहिलेसम्म उजुरी दिएका छैनन् । पीडितले उजुरी दिए कानुनी कारबाही गरिने डिएसपी बस्नेतले बताए ।
कल्याणपुर–८ मझौराका मिटरब्याजी सुरेश पञ्जियारले कब्जा गरी सिंहसँग बेचिसकेको घरमा सोमबार दिउँसो सञ्जय पस्न खोजेपछि उनीमाथि कुटपिटसँगै खुकुरी प्रहारको प्रयास भएको थियो । सिंहका छोरा शैलेन्द्र, भाइ नितेशसमेत घटनामा संलग्न रहेको पीडित सञ्जयले बताए । उनले मिटरब्याजी पञ्जियारका भाइ दिनेश र रामनारायणमाथि जिल्ला प्रशासन कार्यालयमा अनुचित लेनदेनसम्बन्धी उजुरी वैशाखमा दर्ता गराएको पाइएको छ ।

# पाँचवर्ष प्रयासपछि 'तपस्वी' बम्जन पक्राउ





**मधेशदृष्टि**
**वीरगंज ।**
कुनैबेला नेपाल र भारत मात्र नभई अन्य देशबाट समेत दर्शनका लागि भक्तजन बारा भित्र्याउन सफल तपस्वी भनिएका रामबहादुर बम्जन पक्राउ परेका छन् । बारा, सर्लाही, सिन्धुली, काभ्रे हुँदै विभिन्न जिल्लामा बसिरहेका उनी पछिल्लो दुई महिना यता काठमाडौँमा रहेको मात्र होइन, विवाह गरेर बच्चाको बाबु पनि बनेको रहस्य प्रहरीले बाहिर ल्याएको छ ।
बाराको हलखोरिया जंगल कब्जा गरेर आफूलाई 'लिटिल बुद्ध' दाबी गर्दै ध्यान गरेर तपस्वी भनिएका बम्जनले तपस्वीको भेषमा आफ्नै कैयौँ अनुयायीलाई बेपत्ता पारेको, बलात्कार गरेको, हत्यासमेत गरेको प्रहरीमा उजुरी छ ।
धार्मिक संस्था नै स्थापना गरेर बम्जनको अपराध जोगाउन केही समूह लागेपछि प्रमाणविना पक्राउ नगर्न आदेश पाएको प्रहरीले ५ वर्षको मेहनतपछि बम्जनलाई पक्राउ गरेको हो ।
प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले मंगलबार साँझ काठमाडौँको बूढानीलकण्ठबाट बम्जनलाई पक्राउ गरेर नयाँ हुलियासमेत सार्वजनिक गरेको छ । प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) किरण बज्राचार्यले सुराकका आधारमा बम्जनलाई हात्तीगौंडास्थित घरबाटै नियन्त्रणमा लिइएको जानकारी दिइन् ।

**कसरी पक्राउ परे बम्जन ?**
प्रहरीले बम्जनको खोजी जारी राखेको पाँच वर्ष भइसकेको थियो । पछिल्लो डेढ वर्ष चैँ निकै सुक्ष्म र गोप्य हिसाबले उनको खोजीमा प्रहरी जुटेको थियो । तर उनी दलबलसहित हिँड्ने, सुरक्षाघेरामा रहने र भनिएको ठाउँमा नभेटिने गरेर प्रहरीबाट लुकिरहेका थिए । त्यसैले प्रहरीले बम्जनको श्रीमतीलाई फलो र ट्र्याक गरिरहेको थियो । एक महिनाअघि बम्जनको बच्चा जन्मिएको प्रहरीले थाहा पाएको थियो । प्रहरी टोलीले उनलाई घरबाटै पक्राउ गरेको हो ।
एआइजी बज्राचार्यले पछिल्लो १८ दिनदेखि टोली खटाएर बम्जनलाई फेला पारिएको बताइन् ।

**बम्जन भाग्न खोज्दै थिए**
प्रहरीले आफूलाई खोजिरहेको थाहा पाएपछि बम्जन घरको दुई तलामाथिबाट हाम्फालेर भाग्ने प्रयासमा थिए । डिएसपी धर्मराज भण्डारी नेतृत्वको टोलीले उनलाई भूइँतलाबाट पक्राउ गरेर ब्यूरोको कार्यालयमा पुर्याएका हुन् । यसपटक बम्जनको भाग्ने प्रयास प्रहरीले विफल पारेको हो ।

**के छ आरोप बम्जनलाई ?**
रामबहादुर बम्जनले अनुयायी बेपत्ता पारेको भनेर २०७५ पुस १२ गते उजुरी परेको थियो । उजुरी जिल्ला प्रहरी कार्यालय बारामा दर्ता भएको हो । त्यसको ३ वर्षअघि बम्जनका विश्वास पात्र जसबहादुर वाइबाले जीतपुरसिमरा–१८, बडहर्वाका ३४ वर्षीय सुरेशकुमार आले मगरलाई लिएर गएको परिवारको भनाइ थियो । आले सम्पर्कविहीन रहेको परिवारले बताएको छ । यस्तै, बम्जनलाई आलेसँगै सर्लाहीकी रीता बोटे, नुवाकोटकी कर्मा तामाङ, मकवानपुरकी फुलमाया रुम्बा र सञ्चमान वाइबा बेपत्ता पारेको अभियोग छ । उनीहरु सबैलाई सिन्धुलीस्थित आश्रमबाट बेपत्ता बनाइएको प्रहरीको अनुमान छ ।

**बलात्कार र हत्या ?**
अनुयायी बेपत्ता पारेको आरोपमा उजुरी त छदैंथियो । बम्जनलाई सर्लाहीमा आश्रम चलाइरहँदा बलात्कारको आरोप पनि लागेको थियो । यो पनि प्रहरीमा उजुरी थियो । प्रहरीले २०७६ पुसमा सिन्धुपाल्चोकस्थित इन्द्रावती–६, बाँडेगाउँमा रहेको तोड्के जंगलमा छापा पनि मारेको थियो । जहाँ बेपत्तामध्ये सञ्चलालको हत्या भएको आशंका गरिएको थियो । ८० रोपनी क्षेत्रमा फैलिएको आश्रमको एउटा कुनामा कमलो माटो भेटिएपछि उत्खनन् गर्दा ९ वटा नुनको प्याकेट भेटिएको थियो, जुन शव गलाउन प्रयोग भएको प्रहरीको अनुमान छ ।

**प्रहरीको लगातार छापा**
सिआइबीले २०७७ असार ३ गते सिन्धुलीकै कमलामाई नगरपालिका–९, पैरेस्थित बम्जन आश्रममा छापा मार्दा बम्जन फेला परेनन् । आश्रममा पनि नबसेर बम्जन अन्तै लुकेर बसेको पाइएको हो ।

**डेढ वर्षको प्रयासमा पक्राउ**
रामबहादुर बम्जनले आफू कतै नगएको र काठमाडौं तथा जंगलमै बसिरहेको बयान दिएको प्रहरीको प्रारम्भिक भनाइ छ । २०७५ मा प्रहरी अनुसन्धान तीव्र भइरहेका बेला बम्जनको बोधी श्रवण धर्म संघमा आवद्ध पूर्वराज्यमन्त्री मणि लामासहितका व्यक्तिले तत्कालीन नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल' लाई भेटेर ज्ञापनपत्र बुझाएका थिए । धार्मिक विषय भएकाले बलियो प्रमाणबिना बम्जनविरुद्ध कारबाही अघि नबढाउन प्रहरीलाई निर्देशन थियो । तर प्रहरी अनुसन्धान लम्बिँदै पाँच वर्षको प्रयासपछि बम्जन पक्राउ परेका छन् । अब उनका कर्तुतहरु सबै एक–एक गरेर बाहिर आउने अनुमान गरिएको छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु
प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।
छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
पचरौता नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बारा, मधेश प्रदेश

# शिक्षा क्षेत्रमा १७ प्रतिशत लगानी

रासस
काठमाडौँ ।
मस्यौदा निर्माणक्रममा रहेको सोह्रौँ पञ्चवर्षीय आवधिक योजनाले आगामी पाँच वर्षभित्रमा पाँच वर्ष उमेर समूह वा सोभन्दामाथिको साक्षरता दर शतप्रतिशत पुर्‍याउने लक्ष्य अघि सारेको छ । १६ औँ आवधिक योजनाको मस्यौदामाथि सोमबार र मङ्गलबार भएको छलफलमा आयोगले शिक्षा क्षेत्रको यस्तो अवधारणा अघि सारेको हो । आयोगका अनुसार पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर अहिले ७६ दशमलव दुई प्रतिशतमात्रै छ । १६ औँ योजना सकिने मिति अर्थात् आर्थिक वर्ष २०८५–८६ सम्ममा यसलाई शतप्रतिशत पुर्‍याउने लक्ष्य तय गर्न लागिएको छ ।
यसैगरी, १६ औँ योजनाले शिक्षण सिकाइमा सबै विद्यालयमा इन्टरनेटको पहुँच पुर्‍याउने लक्ष्य समेत अघि सारेको छ । अहिले सहरी क्षेत्रका विद्यालयमा शिक्षण सिकाइमा इन्टरनेटको पहुँच पुगे पनि अधिकांश विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेटको पहुँच पुग्न सकेको छैन । यस्तो दर हाल ३५ दशमलव नौ प्रतिशत रहेकोमा पाँच वर्षमा शतप्रतिशत पुर्‍याउने लक्ष्य आयोगले निर्धारण गर्न लागेको हो ।
यद्यपि, मस्यौदामा समेटिएका यी लक्ष्यमाथि अन्तिम टुङ्गो नलागेको आयोगका सदस्य डा. रमेशचन्द्र पौडेलले बताए ।
पौडेलकाअनुसार मस्यौदा माथिको छलफल अन्तिम चरणमा पुगेको छ । मस्यौदा माथि विभिन्न क्षेत्रबाट आएका सुझावहरु समेत समेटेर आयोगले आवधिक योजनालाई अन्तिम रुप दिइनेछ ।

**शिक्षा क्षेत्रमा बजेटको १७ प्रतिशत**

शिक्षा क्षेत्रमा हाल सरकारले कुल बजेटको १० दशमलव ९५ प्रतिशत बजेट विनियोजन गरेको छ । आगामी पाँच वर्षमा आयोगले शिक्षा क्षेत्रको बजेटलाई बढाएर १७ प्रतिशत बनाउने लक्ष्य लिएको छ । १६ औँ योजनाको मस्यौदामा उल्लेख भए अनुसार हाल प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ७६ दशमलव ९ प्रतिशत छ । पाँच वर्षमा यसलाई बढाएर शतप्रतिशत पुर्‍याउने लक्ष्य तोक्न लागिएको छ । यसैगरी आधारभूत तह कक्षा १–८ मा पूरा गर्ने दर ७७ दशमलव १ प्रतिशत रहेकोमा यसलाई ९१ प्रतिशत पुर्‍याउने र माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर ३५ दशमलव ६ प्रतिशत रहेकामा ५० प्रतिशत पुर्‍याउने लक्ष्य तोक्न लागिएको छ । त्यस्तै, उच्च शिक्षा प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा हाल २० दशमलव ७२ प्रतिशत रहेकामा यसलाई बढाएर आव २०८५–८६ सम्म ३० प्रतिशत पुर्‍याउने १६ औँ योजनाको मस्यौदामा उल्लेख छ ।

# राष्ट्रियसभाका दुई उम्मेदवारविरुद्ध उजुरी

मधेशदृष्टि
वीरगंज ।
राष्ट्रियसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएका दुई उम्मेदवारविरुद्ध उजुरी परेको छ । सुदूरपश्चिम प्रदेशमा नेपाली कांग्रेसका तर्फबाट अपाङ्गता भएका व्यक्तिको समूहबाट उम्मेदवारी दिएका नारायणदत्त भट्ट र कर्णाली प्रदेशमा नेकपा (माओवादी केन्द्र)का दलित समूहका उम्मेदवार विष्णु विकविरुद्ध उजुरी परेको हो । निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलकाअनुसार भट्टविरुद्ध एमालेका उम्मेदवार रामचन्द्र जोशीले अपाङ्गतासम्बन्धी प्रमाण नपुगेको तथा कर्णाली प्रदेशका माओवादी केन्द्रका उम्मेदवार विकविरुद्ध एमालेकै उम्मेदवार हिकमत विकले प्रतिनिधिसभा सदस्यको बन्दसूचीमा नाम भएको भन्दै उजुरी दिएका हुन् । उम्मेदवारउपर मंगलबार परेका उजुरीलाई बुधबार र बिहीबार जाँचबुझ गरी उम्मेदवारीको नामावली प्रकाशन तथा शुक्रबार नाम फिर्ता लिन चाहने उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ । निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारलाई निर्वाचन चिह्न पुस २८ गते प्रदान गर्नेछ । राष्ट्रियसभा सदस्यको रिक्त १९ पदका लागि आगामी माघ ११ गते हुने निर्वाचन कार्यतालिका अन्तर्गत सोमबार ५२ जनाको उम्मेदवारी परेको छ । यस निर्वाचनमा प्रदेशसभा सदस्य र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख मतदाता रहने छन् । निर्वाचनका लागि सात प्रदेशमा एक–एक मतदानस्थल र दुई–दुई मतदान केन्द्र कायम गरिएको छ । मतदान माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म हुनेछ । स्थायी सदनका रुपमा रहेको ५९ सदस्यीय राष्ट्रियसभाका एक तिहाइ सदस्यको कार्यकाल प्रत्येक दुई वर्ष कार्यकाल सकिन्छ । यस निर्वाचनमा विभिन्न प्रदेश र क्षेत्रबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक र अन्य समुदायबाट सदस्यको चयन हुनेछ ।

# ‘ज्योतिष विद्यालाई सबैको पहुँचमा पुर्‍याउन जरुरी’

रासस
काठमाडौँ ।
उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले ज्योतिष विद्यालाई सबैको पहुँचमा पुर्याउन जरुरी रहेको बताएका छन् । नेपाल ज्योतिष परिषदको मंगलबार आयोजित रजत समारोहको उद्घाटन गर्दै उनले परम्परागत ज्योतिष विद्यालाई नयाँ प्रविधिमार्फत सबैको पहुँचमा पुयाउनुपर्नेमा जोड दिए । ‘ज्योतिष विज्ञानलाई थप वैज्ञानिक बनाउन जरुरी छ, यसलाई अगाडि बढाउन सरकारले आवश्यक सहयोग गर्नेछ’, उपप्रधानमन्त्री खड्काले भने ।
ज्योतिष विज्ञानलाई हचुवाको भरमा प्रयोग गर्ने र जीविकोपार्जनको माध्यम बनाउन नहुने उनले बताए । ‘खगोलको बारेमा नयाँ नयाँ कुरालाई ज्योतिष विज्ञानमार्फत अगाडि बढाउनुपर्छ’, उपप्रधानमन्त्री खड्काले भने ।



ज्योतिष अध्ययनलाई निश्चित कार्यविधि र मापदण्ड बनाउन जरुरी रहेको उनले उल्लेख गरे । विश्व ज्योतिष महासङ्घका अध्यक्ष डा लोकराज पौडेलले सरकारले ज्योतिषलाई अनुमतिपत्रको व्यवस्था मिलाउनुपर्ने बताए ।
उनले देशभरका १४ हजारभन्दा बढी ज्योतिष परिषद्मा आवद्ध रहेको जानकारी दिए । विसं २०५३ मा स्थापना भएको परिषद्ले हाल ७७ वटै जिल्ला, सात प्रदेश र उपत्यकामा आफ्नो शाखा विस्तार गरिसकेको छ । आगामी वर्ष चैत शुक्ल प्रतिपदाको दिनलाई राष्ट्रिय ज्योतिष दिवस मनाइने परिषद्का अध्यक्ष माधवराज पाण्डेले बताए ।
परिषद्ले रजतजयन्ती समारोहमा संस्थाको विकासमा महत्वपूर्ण योगदान पुर्याएका विभिन्न व्यक्तिलाई सम्मानसमेत गरेको छ ।

# एक अर्ब हिनामिना गर्ने सहकारी सञ्चालक पक्राउ

रासस
काठमाडौँ ।
बचतकर्ताको बचत फिर्ता नगर्ने गोकर्णेश्वर नगरपालिका–८ अत्तरखेलमा सञ्चालित कान्तिभैरव बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक र कर्मचारी पक्राउ परेका छन् ।
गोकर्णेश्वर नगरपालिका–४ चौतारा बस्ने सहकारीका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, पूर्व अध्यक्ष एवं संरक्षक भनिने प्रेम श्रेष्ठ, कोषाध्यक्ष शेरलाल श्रेष्ठ र सह व्यवस्थापक राजेन्द्र श्रेष्ठलाई महानगरीय प्रहरी वृत्त बौद्धले पक्राउ गरेको हो ।
सहकारीका सबै सञ्चालक एउटै टोलका दाजुभाइ हुन् ।
सहकारी सञ्चालक समितिका सचिवसमेत रहेका प्रबन्धक रामदास श्रेष्ठ, सदस्य अनिरुद्ध श्रेष्ठ, सदस्य राधेश्याम श्रेष्ठ र लेखा समिति संयोजक गोकर्णेश्वर महादेव अङ्ग्रेजी माध्यमिक विद्यालयका प्रधानाध्यापक चन्द्रप्रसाद पौडेल फरार रहेको जनाइएको छ ।
यी सबैका नाममा प्रहरीले पक्राउ पूर्जी जारी गरेको छ ।
सहकारीका सञ्चालकले सात हजार सात सय बचतकर्ताको एक अर्ब २१ करोड रुपैयाँ हिनामिना गरेको पीडित सङ्घर्ष समितिअन्तर्गतको कार्यदलका अध्यक्ष राजेशकुमार विष्टको भनाइ छ ।

# कोभिडको नयाँ भेरियन्ट सर्ने दर बढी

मधेशदृष्टि
काठमाडौँ ।
नेपालमा पहिलोपटक देखिएको कोरोना भाइरस सङ्क्रमणको ओमिक्रोनको नयाँ भेरियन्ट जेएन–१ सङ्क्रमण दर बढिरहेको पाइएको छ । इपिडिमियालोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले अन्य भेरियन्टको तुलनामा यसको एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने दर उच्च रहेको बताए । ‘सहरमा बढी भीडभाड हुने हुनाले जेएन–१ को एकापसमा सर्ने दर बढी रहेको छ’ उनले भने, ‘रोगको जटिलता र मर्ने दर भने कम रहेको छ ।’ सोमबार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको अणुवांशिक अध्ययन (जिन सिक्वेन्सिङ)गर्दा १६ पोजेटिभ नमूना परीक्षण गर्दा सात जनामा ओमिक्रोनको नयाँ भेरियन्ट जेएन–१ पुष्टि भएको थियो । मन्त्रालयले सङ्क्रामक दर बढी भएकाले भीडभाड हुने स्थान जस्तै मेला, भोज, पार्टी आदिमा जनस्वास्थ्यका मापदण्डजस्तै मास्कको प्रयोग गर्न, भौतिक दूरी कायम राख्न र हातको सरसफाइमा ध्यान दिन सबैलाई अनुरोध गरेको छ ।
मन्त्रालयले कोभिड–१९ को नयाँ सब भेरियन्टको बढ्दो सङ्क्रमणलाई मध्यनजर गर्दै प्रवेश विन्दुका सबै हेल्थ डेस्क, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा सबै सरोकारवालामार्फत आवश्यक ‘स्क्रिनिङ’ र निगरानी गरिरहेको जनाएको छ ।

# कोशी प्रदेशका सभामुखले लिए शपथ



मधेशदृष्टि
मोरङ ।
कोशी प्रदेशका नवनिर्वाचित सभामुख अम्बरबहादुर विष्टले शपथ ग्रहण गरेका छन् । मंगलबार प्रदेश प्रमुख परशुराम खापुङले प्रदेशसभाका सभामुख विष्टलाई सपथ गराएका हुन् । प्रदेश प्रमुख खापुङले प्रदेश प्रमुखको कार्यालय विराटनगरमा आयोजित एक विशेष समारोहबीच प्रदेशसभाबाट निर्वाचित सभामुख विष्टलाई प्रदेश प्रमुखले प्रदेशसभाको नियमावली–२०७४ को नियम ८ बमोजिम शपथ गराइएको हो । शपथ समारोहमा प्रदेशका मुख्यमन्त्री केदार कार्की, निवर्तमान तथा पूर्वमुख्यमन्त्री क्रमशः हिक्मतकुमार कार्की, उद्धव थापा र राजेन्द्र राई, पूर्वसभामुख, प्रदेशका मन्त्री, प्रदेशसभाका सदस्य, सुरक्षा निकायका प्रदेश प्रमुख र विभिन्न राजनीतिक दलका कार्यकर्ताको उपस्थिति रहेको थियो । यसअघि मंगलबार बसेको प्रदेशसभाको बैठकमा प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन समेत)को नियम ७ बमोजिम भएको निर्वाचनमा गठबन्धन दल र नेकपा (एमाले)को सहमतिमा सभामुख विष्ट निर्विरोध निर्वाचित भएका हुन् । विष्ट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट प्रदेशसभा सदस्य हुन् ।

# ‘ऐन स्पष्ट नहुँदा कर्मचारी सरुवा व्यवस्थित बनाउन सकिएन’

रासस
काठमाडौँ ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले सङ्घीय निजामती ऐन नआउँदा कर्मचारी उत्साहित भएर काम गर्न नसकिएको बताएका छन् ।
राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको मंगलबारको बैठकमा सचिव सिंहले निजामती कर्मचारीको सरुवालाई व्यवस्थित बनाउन मन्त्रालय पूर्णरुपमा सफल हुन नसकेको स्वीकार गरे ।
सचिव सिंहले निजामती सेवा ऐनमा दुई वर्षमा मात्रै सरुवा गर्ने भन्ने नियम रहेको भएपनि विभिन्न कारणले तोकिएको समयसीमा भन्दा चाँडै सरुवा हुने गरेको बताए ।
उनले नीति र कानुन स्पष्ट नहुँदा कर्मचारी सरुवालाई व्यवस्थित बनाउन नसकेको जिकिर गरे । सचिव सिंहले निजामती सेवा ऐन नबन्दा पुरानै ऐनलाई मिलाएर चल्नुपर्ने बाध्यता रहेको पनि उल्लेख गरे ।

# विधेयक संशोधन गर्दा गुणस्तरीय शिक्षालाई ध्यानमा राख्न आग्रह



रासस
काठमाडौँ ।
प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन ‘शिक्षा विधेयक, २०८०’ लाई गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता हुने गरी संशोधन गर्न शिक्षा क्षेत्रका सरोकारवाला, अभिभावक र संस्थाले सुझाएका छन् ।
विधेयकमाथिको समितिको मंगलबारको छलफलमा सुझाव दिने क्रममा शिक्षा नीति तथा अभ्यास केन्द्रले प्रबुद्ध शिक्षाविद् एवं अभियन्ताका तर्फबाट तयार गरिएको सुझावपत्र प्रस्तुत गर्दै सबै बालबालिकालाई देशको क्षमताअनुसार स्वीकार्य तहको शिक्षा उपलब्ध गराउन आग्रह गरिएको छ । प्रा केदारभक्त माथेमा, विद्यानाथ कोइराला, मनप्रसाद वाग्ले, मीनबहादुर विष्ट, विनय कुसियत र डा ब्रजेश पन्तसहितको उक्त सुझावपत्र प्रस्तुत गर्दै केन्द्रका संस्थापक टीका भट्टराईले शिक्षा सार्वजनिक सेवा र सम्पत्ति भएकाले यसमा सरकारको लगानी बढाउन र निजीकरणलाई निरुत्साहन गर्नुपर्ने बताए । उनले विधेयकलाई शिक्षकको माग र सहमतिको दस्तावेज नबनाइ विद्यार्थीको सिकाइ उपलब्धि कसरी हासिल हुनसक्छ भन्नेमा केन्द्रित गराउन माग गरे । समितिले यसअघि नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले विधेयक प्रस्तुत गर्नुअघि सरकारले आफूहरुसँग छलफल नगरेको गुनासो गर्दै व्यवहारिक र सीपमूलक शिक्षामा जोड दिन आग्रह गरे ।
नेपाल आदिवासी जनजाति महासङ्घ, विशेष शिक्षा सञ्चालनकर्ता, सामुदायिक सिकाइ केन्द्र, शिक्षक सिकाइ अनुदान शिक्षक, राष्ट्रिय परीक्षा बोर्डका कर्मचारी सङ्गठनले पनि विधेयकमा आफूहरुका मुद्दाको सुनुवाइ हुनुपर्ने समितिसमक्ष आग्रह गरे । समितिले यसअघि स्थानीय तहका जनप्रतिनिधिका महासङ्घ, नेपाल शिक्षक महासङ्घ, निजी विद्यालय सञ्चालकका संस्था, धार्मिक विद्यालय, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ, अस्थायी शिक्षक र विद्यालय कर्मचारीलगायत क्षेत्रसँग छलफल गरिसकेको छ । समिति सभापति भानुभक्त जोशीले विधेयकलाई सर्वस्वीकार्य र राम्रो बनाउने सवालमा सबै सरोकार भएका पक्षको सुझाव मागिएको बताए ।

# विशेष अदालतको फैसलाविरुद्ध अख्तियार सर्वोच्चमा



रासस
काठमाडौँ ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौँबाट राजस्व चुहावट गरी भ्रष्टाचार गरेको अभियोगमा दायर गरिएका केही मुद्दामा भएको फैसला उपर चित्त नबुझेको जनाउँदै सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । तत्कालीन कर फछ्र्यौट आयोगका पदाधिकारीहरु लुम्बध्वज महत, उमेशप्रसाद ढकाल र चुडामणि शर्मा ढकालविरुद्ध विशेष अदालतले कम जरिवाना हुने गरी फैसला गरेको भन्दै आयोग सर्वोच्च पुगेको हो । आयोगले सो मुद्दामा तीन जना प्रतिवादीविरुद्ध ११ अर्ब दुई करोड ५२ लाख २२ हजार दुई सय २७ रुपैयाँ बिगो दाबी गरे पनि विशेष अदालतले चार अर्ब ८६ करोड ८१ लाख ७५ हजार तीन सय ८० रुपैयाँ बराबरको बिगो कायम गरी गरेको फैसला त्रुटिपूर्ण भएको दाबी गरेको छ ।
विशेष अदालतले कर फछ्र्यौट आयोगका तत्कालीन अध्यक्ष महतलाई नौ वर्ष एक महिना र आयोगका सदस्य उमेशप्रसाद ढकाल र चुडामणि शर्मा ढकाललाई नौ वर्ष कैद सजाय हुने ठहर गरेको थियो ।
आयोगले विभिन्न १० वटा बुँदामा विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको दाबी गरेको छ ।

# दुई सयभन्दा बढी कर्मचारीको एकैपटक सरुवा

मधेशदृष्टि
काठमाडौँ ।
न्याय सेवा आयोगले एकैपटक दुई सयभन्दा बढी कर्मचारीको सरुवा गरेको छ ।
प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा बसेको मंगलबारको बैठकले अदालतका दुई सयभन्दा बढी कर्मचारीको सरुवा गरी जिम्मेवारी हेरफेर गरेको हो ।
सात उपसचिवसहित दुई सय १२ शाखा अधिकृतस्तरका कर्मचारी सरुवा गरिएको हो ।
आयोगमा प्रधानन्यायाधीश श्रेष्ठ अध्यक्ष रहने व्यवस्था छ । सदस्यमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ, वरिष्ठतम् न्यायाधीश ईश्वरप्रसाद खतिवडा, लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी र महान्यायाधिवक्ता दिनमणि पोखरेल छन् ।

# एक सय ६८ किलो गाँजा बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी सिमा सुरक्षा गुल्म भिखमपुर पर्साको टोलीले वीरगंजबाट ठोरी जादै गरेको बोलेरो पिकअपबाट एक सय ६८ किलो गाँजा बरामद गरेको छ ।

विशेष सूचनाका आधारमा सवारी साधन चेकजाँच गर्ने क्रममा मंगलबार उक्त गाँजा बरामद भएको सशस्त्र प्रहरीले जनाएको छ ।

वीरगंजबाट ठोरीतर्फ जादैँ गरेको बा ११ च ९६८६ नम्बरको बोलेरो पिकअपबाट उक्त परिमाणको लागुऔषध गाँजा बरामद भएको सशस्त्र प्रहरी पर्साका प्रहरी नायब उपरीक्षक डिएसपी संगम श्रेष्ठले जानकारी दिए ।

पिकअपमा फल्स वटम बनाई लुकाएर राखिएको १६ पोकामा प्रतिबन्धित गाँजा बरामद भएको प्रवक्ता श्रेष्ठले बताए । साथै सशस्त्र प्रहरीले पिकअपका चालकको साथबाट ७८ हजार ५ सय नेपाली रुपैँया र २ थान मोबाइलसमेत बरामद गरेको जनाएको छ ।

पिकअप चालक, सहचालक र गाँजासहित पिकअपलाई आवश्यक कारवाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको प्रहरी नायब उपरिक्षक श्रेष्ठले बताए । डिएसपी श्रेष्ठका अनुसार पक्राउ परेका चालक र सहचालकमाथि आवश्यक अनुसन्धान भइरहेकाले उनीहरुको नाम खुलाइएको छैन ।

# खैरो हेरोइनसहित दुई पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले एक सय दुई ग्राम लागुऔषध खैरो हेरौइनसहित दुई जनालाई वीरगंजबाट पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ बस्ने ३८ वर्षीय बिनोद प्रसाद गुप्ता र ३८ वर्षीय फिरोज चौधरी रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार बिक्रम थापाले जानकारी दिए । विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पर्सा र प्रहरी चौकी बसपार्कबाट खटिएको संयुक्त टोलीले लागुऔषधसहित उनीहरुलाई बसपार्क क्षेत्रबाट पक्राउ गरेको हो ।

गस्ती गर्दै जाने क्रममा वीरगंज महानगरपालिका वडा नं ८ स्थित सडकखण्डबाट उनीहरुलाई पक्राउ गरिएको हो । बाटो छेउमा उभिएर शंकास्पद रूपले कुराकानी गरिरहेको अवस्थामा चेकजाँच गर्दा उनीहरुको साथबाट एक सय दुई ग्राम लागुऔषध खैरो हिरौईन बरामद भएको हो । पक्राउ परेकाहरुविरुद्ध लागुऔषध सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बीस वटा पशुचौपाया प्रहरी नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतबाट अवैध रुपमा ल्याइएको २० वटा पशुचौपाया सशस्त्र प्रहरीले वीरगंजको रामगढवाबाट नियन्त्रणमा लिएको छ ।
वीरगंज महानगरपालिका वडा नम्बर २४ रामगढवाबाट सशस्त्र प्रहरीले ११ वटा भैंसी र ९ वटा पाडा नियन्त्रणमा लिएको हो ।

सशस्त्र प्रहरी १३ नम्बर गणबाट खटिएको गस्ती टोलीले भारतबाट अबैध रुपमा भन्सार छली गरी नेपालतर्फ ल्याउदै गरेको चार लाख ५१ हजार रुपैयाँ मूल्य बराबरको भैसी ११ वटा र पाडा ९ वटा नियन्त्रणमा लिएको पर्साका सशस्त्र प्रहरी उपरीक्षक किसन कर्माचार्यले जानकारी दिए । सशस्त्र प्रहरीलाई देख्ने बितिकै तस्करहरु चौपाया छाडेर भागेको उनले बताए । नियन्त्रणमा लिइएका भैसी र पाडाहरु वीरगंज भन्सार कार्यालयको जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# सामानसहित ट्रक नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले बिल बिजकभन्दा बढी कपडा तथा खुद्रा समानहरू लोड रहेको ट्रकलाई नियन्त्रणमा लिएको छ । प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डकचोकस्थित सडकखण्डमा ना ६ ख १३७ नम्बरको मालवाहक ट्रक नियन्त्रणमा लिएको हो । राजश्व छली गरी बिल बिजकभन्दा बढी माल बस्तुहरू लोड रहेको ट्रक वीरगंजबाट रुपन्देहीतर्फ जाँदै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको हो ।
जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले चेकजाँच गर्दा ट्रकमा लोड रहेको सामानको अनलाइन भिसिटिएस बिल शंकास्पद देखिएपछि पक्राउ गरिएको पर्साका प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापाले जानकारी दिए । बरामद सामानको ५२ लाख ६४ हजार रुपैँया मूल्यांकन गरी आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरीले जनाएको छ ।



**आगो ताप्दै :** महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–६ स्थित खैराचोकमा बढ्दै गरेको जाडो छल्न आगो ताप्दै स्थानीय बासिन्दा ।
तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# यतिम खानाका बालबालिका र मौलानाहरुलाई सिरक वितरण



**मधेशदृष्टि**
**वीरगंज ।**
केहि दिन बढदै गएको कठ्यांग्रिदो जाडो र शितलहरले यतिम खानाका बालबालिका प्रभावित भएसँगै यतिम खानाका बालबालिका र मस्जिदका मौलानाहरुलाई सिरक वितरण गरिएको छ ।
मंगलबार वीरगंज महानगरपालिकाको सहयोगमा र वीरगंज मुस्लिम उत्थान समितिको आयोजनामा ६० थान सिरक वितरण गरिएको हो ।
महानगरपालिकाको वडा नम्बर २ छपकैयास्थित यतिम खानाका २० जना बालबालिका र विभिन्न मस्जिदका ४० जना मौलानालाई सिरक वितरण गरिएको हो । बिहान यतिम खानामा सिरक वितरण कार्यक्रममा सम्बोधन गर्दै नगर प्रमुख राजेशमान सिंहले सामाजिक सद्भाव बिगार्न केहि तत्वहरु सकृय रहेकाले त्यस्ता तत्वहरुबाट सचेत रहन वीरगंजबासीलाई आग्रह गरे । प्रमुख सिंहले सामाजिक सद्भाव कायम हुने गरी काम गर्न मुस्लिम अगुवाहरुलाई आग्रह गरे । उनले वीरगंजबासीको विश्वास र भरोसा आँफुले कहिल्यै पनि टुट्न नदिने प्रतिबद्धता समेत व्यक्त गरे । वीरगंज मुस्लिम उत्थान समितिका अब्बार मंसूरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मौलाना असगर अली, शेष जलसोद्दीन, शेष लाल महम्मद , अरसद कमाल, सलाउद्दीन मंसूरी, अफरोज आलम लगायतको सहभागिता रहेको थियो ।

# न्यायाधीशलाई बुझाइयो बालकल्याण गृहको प्रतिवेदन



**मधेशदृष्टि**
**वीरगंज ।**
स्वतन्त्र मानव अधिकार समाजले पर्साका जिल्ला न्यायधिश रामप्रसाद शर्मालाई बालकल्याण गृहको अवस्थाका बारेमा स्थलगत अनुगमन प्रतिवेदन बुझाएको छ । समाजका केन्द्रिय अध्यक्ष कृष्ण कुमार खनालको संयोजकत्वमा ५ सदस्यीय पदाधिकारीहरुको टोलीले मंगलबार गत पुस ४ गते बीरगंजको विर्ता स्थित बाल सुधार गृहमा गरिएको अनुगमनको प्रतिवेदन जिल्ला न्यायधिश शर्मालाई बुझाएको हो । प्रतिवेदनमा ९ वटा कोठामा १ सय १४ जना बाल कैदीहरुलाई कोचेर राखिनु अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्ड विपरित भएको, मानव अधिकार सम्बद्र्धन र संरक्षणका लागि बालबालिकाहरुको विषयमा गम्भिर रुपमा विचार पुर्याउनु पर्ने अवस्था देखिएको उल्लेख छ ।

त्यसैगरी प्रतिवेदनमा बाल सुधार गृहमा तत्काल खानेपानीको व्यवस्था गरिनु पर्ने, लाईन कटेको बेला जेनेरेटरको व्यवस्था गर्नु पर्ने, खाना र नास्ताको अवस्थामा सुधार गर्नु पर्ने, पुस्तकालय र उचित खेलकुदको सामग्रीको व्यवस्था गरिनु पर्ने, बाल कल्याण गृहमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीको टोलीलाई छुट्टै मेस र रुम र शौचालयको व्यवस्था गरिनु पर्ने, बजारको बिचमा रहेको बाल सुधार गृहलाई बजार भन्दा टाढा राखिनु पर्ने माग गरिएको छ । त्यसैगरी समाजले पर्साका प्रमुख जिल्ला अधिकारी मार्फत उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई समेत प्रतिवेदन पठाएको समाजका अध्यक्ष खनालले बताए ।

# भन्सार छली गरेर ल्याइएका चल्ला नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साबाट प्रहरीले भन्सार छलीका भारतीय कुखुराका चल्ला बरामद गरी नष्ट पारेको छ । भारतबाट अबैध रुपमा बोइलर कुखुराको चल्ला पैठारी कार्य नियन्त्रण तथा निरुत्साहित अभियान अन्तर्गत उक्त चल्लाहरु नष्ट पारिएको पर्सा प्रहरीले जनाएको छ । तस्करहरुले भारतीय कुखुराको चल्ला भन्सार छलेर क्वारेन्टाइनको चेकजाँचसमेत नगराई अबैध रुपमा लुकाई छिपाई नेपालतर्फ भित्राउँदै गरेको सूचना जिल्ला प्रहरी कार्यालय पर्सालाई आएको थियो ।
सोही सूचनाका आधारमा खोजतलास गर्ने क्रममा वीरगंज महानगरपालिका वडा नम्बर २१ डकैलाबहुअरी स्थित सडकखण्डबाट तीन हजार आठ सय गोटा कुखुराका चल्ला बरामद भएको पर्सा प्रहरीले जनाएको छ । प्रहरीकाअनुसार भारतीय चल्ला ओसारपसार गर्दै गरेको अवस्थामा दुईवटा भारतीय मोटरसाइकल समेत प्रहरीले नियन्त्रणमा लिएको छ ।

प्रहरीले बिआर ०५ डि ९७२५ र बिआर ०५ क्यू ३२६५ नम्बरको मोटरसाइकललाई नियन्त्रणमा लिएको हो । प्रहरी टोलीलाई देख्नासाथ कुखुराको चल्ला छाडी तस्कर फरार भएको र चल्लालाई वीरगंज महानगरपालिका वडा नम्बर १९ तिलावे खोलाको बगरमा नष्ट पारिएको हो ।

# विद्यार्थी कुट्ने शिक्षक प्रहरी हिरासतमा



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको एक निजी विद्यालयमा विद्यार्थीलाई कुटपिट गरेको आरोपमा एक शिक्षकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । वीरगंज महानगर पालिकाको वडा नंबर १९ मा रहेको गोल्डेन ग्लोभ बोर्डिङ्ग स्कुलका शिक्षक शशी यादवलाई प्रहरीले नियन्त्रणमा लिएको हो । शिक्षक यादवको कुटपिटबाट गोल्डेन ग्लोभ स्कुलको कक्षा ३ मा अध्ययनरत विद्यार्थी १२ बर्षिय प्रितम साह घाइते भएका छन् । घाइते प्रितमको वीरगंजस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ । उनको आँखा र शरिरको विभिन्न भागमा गम्भिर चोट लागेको छ । विद्यालयमा दुई दिन अनुपस्थित किन भएको भन्दै शिक्षक यादवले पाइपले कुटपिट गरेको घाइते बालिका प्रितमले बताए । शिक्षक यादवको कुटपिटबाट दिउँसो १ बजे घाइते भएका प्रितम अपरान्ह ४ बजे घर पुगेपछि मात्र घटना बारे थाहा भएको घाइते विद्यार्थीका काका मुकेश साहले बताए । विद्यार्थीलाई कुटपिट गर्ने शिक्षक यादव प्रहरीको नियन्त्रणमा रहेको अस्थायी प्रहरी पोष्ट बिन्दवासिनीका प्रहरी सहायक निरिक्षक (असई) रामबाबु गुप्ताले बताए । शिक्षक यादवलाई प्रहरी पोष्ट बिन्दवासिनीको नियन्त्रणमा राखेर घटना बारे अनुसन्धान भइरहेको असई गुप्ताले जानकारी दिए ।

# फरार अभियुक्त पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले विभिन्न मुद्दामा फरार तीन जना अभियुक्तलाई पक्राउ गरेको छ । कुटपिट तथा अंगभंग मुद्दामा दोषी ठहर भई तीन महिनाको कैद सजाय दश हजार रुपैयाँ जरिवाना तोकिएका फरार प्रतिवादी कलैया उपमहानगरपालिका वडा नम्बर २ बस्ने ४० वर्षीय मुनेश गिरी भन्ने उनिश गोसाईलाई प्रहरीले पक्राउ गरेको हो । त्यस्तै, बारा प्रहरीले लागुऔषध मुद्दामा तिन हजार जारिवाना भएको फरार प्रतिवादी महागढिमाई नगरपालिका वडा नम्बर २ बस्ने ३५ वर्षीय राजेश सहनीलाई पक्राउ गरेको हो । त्यसैगरी, पक्राउ पर्नेमा बैँकिङ कसुर मुद्दामा दुई हजार रुपैयाँ जरिवाना भएको फरार प्रतिवादी करैयामाई गाउँपालिका वडा नम्बर ४ का ३९ बर्षीय राजेश प्रसाद साह रहेका छन् ।
त्यसैगरी सप्तरीको राजविराज नगरपालिका वडा नम्बर १३ बस्ने भुपदेव यादव पनि पक्राउ परेका छन् । प्रहरीका अनुसार पक्राउ परेकाहरुलाई प्रहरीले जिल्ला अदालत बुझाएको छ ।

अध्याँरोमा साथीसँग हिँड्नु उज्यालोमा
एक्लै हिँड्नु भन्दा उत्तम हो ।
–हेलेन केलर

## सम्पादकीय

# मधेश सरकारका ३६४ दिन

*मधेश सरकार लगभग आज एक वर्ष पूरा गर्ने संघारमा उभिएको छ ।२४ घण्टापछि यो सरकार बनेको एक वर्ष पूरा हुनेछ ।२०७९ पुस २७ गते मधेश प्रदेश सरकारको मुख्यमन्त्रीका रुपमा जसपा संसदीय दलका नेता सरोजकुमार यादवले शपथ खाएका थिए । त्यसअघि उनी मधेश प्रदेश सभामा सभामुख पनि थिए । त्यसैले प्रदेश सरकार कसरी चलाउन पर्ने भन्ने अनुभवले यादव भरिपूर्ण थिए भन्दा अन्यथा नहोला । उनले आफ्नो सरकारलाई अरु अब्बल बनाउन पछिल्लो समय चार महिनाअघि मात्रै मन्त्रिमण्डल विस्तार गरेका थिए । पटकपटक मन्त्रिमण्डल विस्तार गरेर उनले गठबन्धनलाई खुसी बनाउन कुनै कसर बाँकी राखेनन् । गठबन्धन सरकारको मन्त्रिपरिषद् भएकाले सोचेजस्तो सबैले काम गर्न नसकेको पनि हुन सक्छ । अर्कातिर यो एक वर्ष मधेश सरकारको गुनासो नै बढी रह्यो । केन्द्र सरकारले अधिकार दिएन, बजेट कम दियो, कर्मचारी आएनन्, यस्तै गुनासाका पुलिन्दा बोकेर सरकार दौडिरह्यो । मधेश प्रदेशको राजधानी जनकपुरमा भएका विभिन्न राष्ट्रिय तथा सरकारी कार्यक्रममा यस्तै आवाजहरु स्वयम् मुख्यमन्त्रीबाटै पनि पटकपटक व्यक्त भएका थिए ।*

*खासमा सरकारले मधेशका लागि के गरेको छ भनेर नै प्रश्न सोधिने गरिन्छ । गणतन्त्र र संघीयताको जननी मधेश नै हो । सबैले यसै भन्ने गरेका छन् । मधेशमा भएको विद्रोहले आज समावेशीता फैलिएको छ । संघीयता र गणतन्त्र फस्टाएको छ । यसको कपिराइट नै मधेश आन्दोलन हो भन्नेमा मधेशका नेताहरु एकमत छन् । पछिल्लोपटक मधेश सरकारले उठाएको अधिकारको मुद्दामा अरु प्रदेशका मुख्यमन्त्रीहरु पनि सहमत छन् । मधेश सरकारको मुद्दा बोकेर पटकपटक अरु प्रदेश सरकार पनि केन्द्र सरकारको ढोकामा पुगेका छन् । प्रहरी अधिकारी, कर्मचारी परिचालनसहित प्रदेशलाई बलियो बनाउन चाहिने अधिकार चाँडै देऊ भनेर मधेश सरकारले एक महिना त केन्द्र सरकारलाई अल्टिमेटम नै दिएको थियो । एक महिना यतिकै बिते । अर्को एक महिना पनि बितेको छ । यो बीचमा हेटौँडामा मुख्यमन्त्रीहरुको बैठक भएको छ । सरकारलाई फेरि ज्ञापन पत्र बुझाउन मुख्यमन्त्रीहरु पुगेका छन् । तर प्रधानमन्त्री पुष्पकमल दाहाल सजिलै प्रदेश सरकार बलियो बनाउने विषयमा चिसिने सम्भावना छैन । उनले कानुन बन्दैछ, साथ पाउँ मात्रै भन्दैनन् । जसरी मधेशले गणतन्त्र र संघीयताको जननी दाबी गर्छ । प्रधानमन्त्री संघीयता, प्रदेश र गणतन्त्रको अगुवा नै आफैँ भएको दाबी गर्छन् तर अधिकार चैँ संसदमा अड्काइरहेको विषय चबाइचबाइ बोल्छन् ।*

*यसले प्रदेश सरकारहरुलाई भने निकम्मा बनाइरहेको छ । कर्मचारी नभएर मन्त्रालय खाली छन् । योजना भए पनि मन्त्रालयले समयमा काम गर्न कर्मचारीकै कारण सकिरहेको छैन । एकातिर गठबन्धनका मन्त्रीहरुबीच समन्वयमा पनि मधेश सरकार चुकिरहेको छ । जतिपटक सरकार विस्तार गरे पनि सन्तुष्ट हुन नसकेको जनमत पार्टीले राष्ट्रिय सभामा त उम्मेदवार नै आफ्नै बनाएको छ । मधेशमा जसपा र जनमतको द्वन्द्व न्यूनीकरणमा पनि मधेश सरकार सफल छैन । दुवै पार्टीका मूलनेतृत्व नै यसमा टसको मस छैनन् । मधेश सरकारका एक वर्ष कस्तो रह्यो, आगामी दिनहरुमा अरु चोटिलो समीक्षा गर्दै जानेछौँ ।*


## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com




सञ्जय साह मित्र

# पृथ्वीनारायण शाह र मधेशको सम्बन्ध






पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे । इतिहासले यही मानेको छ र धेरै मानिसको मान्यता नै यही हो । यसलाई अस्वाभाविक पनि भन्न सकिँदैन । तत्कालीन युगमा कुनै पनि राज्य कहिलेसम्म सुरक्षित हुन्छ, भन्न सकिने अवस्था थिएन । कहिले कुन राजाले कुन राज्यमाथि आक्रमण गरिदिन्थे र राज्य नै आफ्नो राज्यमा मिलाएको घोषणा गर्दथे भने कहिले कुन राज्यको अस्तित्व नै हराउँथ्यो । इतिहासमा धेरैपटक यस्ता घटनाहरु भएका छन् कि राजा कमजोर हुँदा सामन्तले पनि विद्रोह गरेका छन् र अल्पसमय नै सही, आफूलाई राजाकै पदवी दिएका छन् । यद्यपि पृथ्वीनारायण शाहको हकमा भने यस्तो कुरा भन्न सकिँदैन किनभने उनी राजाका छोरा थिए । राजा पनि कैयौँ पुस्तादेखि नै । यसरी पृथ्वीनारायण शाहलाई कुलीन राजा पनि भन्ने गरिएको छ । भनिन्छ, एक राजामा हुनुपर्ने सबै गुण, तत्कालीन अवस्थामा, पृथ्वीनारायण शाहमा थियो।

पृथ्वीनारायण शाह नेपालका एकीकरणकर्ता हुन् । यस विषयमा यहाँ विवाद वा बहस गर्न खोजिएको होइन । पृथ्वीनारायण शाहप्रति करिब सम्पूर्ण नेपालीको उच्च सम्मान रहेको छ । अझ मधेशसित पृथ्वीनारायण शाहको निकै घनिष्ट सम्बन्ध रहेको छ । उनको पहिलो विवाह मकवानपुरमा नै भएको थियो । विसं १७७९ पुस २७ गते गोरखा दरबारमा पिता नरभूपाल शाह र आमा कौसल्यावतीबाट जन्मेका पृथ्वीनारायण साहको विवाह विसं १९९४ मा मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसित भएको थियो । मकवानपुर त्यत्ति बेला एक शक्तिशाली राज्य थियो । बिहे भए पनि मधेशको चलनअनुसार त्यस समयमा विवाहको समयमा दुलहीलाई बिदाइ गर्ने चलन थिएन । केही समयपछि गौनामा मात्र दुलहीलाई पठाउनु अनिवार्य थियो तर पहाडको चलनमा विवाहमा नै दुलही पठाउनु अनिवार्य थियो । यस विषयका साथै अन्य केही विषयमा पनि खटपट भएको थियो।

त्यस समयमा मकवानपुर राज्यअन्तर्गत नै वर्तमान मधेश प्रदेशका अधिकांश भूभाग पर्दथ्यो । पृथ्वीनारायण शाह विसं १७९९ मा नै गोरखाको राजगद्दीमा बसेका थिए । बिस वर्षको उमेरमा राजा बनेका पृथ्वीनारायण शाहले आफ्ना पिता नरभूपाल शाहको सपना साकार पार्न विसं १८०० मा मा नुवाकोटमाथि आक्रमण गरेका थिए । राजा भएपछि शाहको यो पहिलो आक्रमण थियो तर यसमा सफल हुन सकेका थिएनन् । फेरि केही समयपछि शाहले विसं १८०१ म नुवाकोटमाथि हमला गरे र यसपटक विजय हात पारे । पृथ्वीनारायण शाहले त्यत्ति वेलाको चलनअनुसार नुवाकोटलाई आफ्नो गोरखा राज्यमा गाभे । यसरी यहीबाटै नेपाल एकीकरणको सुरुआत भएको मानिन्छ।

पृथ्वीनारायण शाहले मकवानपुरमाथि विजय हासिल गरे । विसं १८११ को भदौ महिनामा वंशराज पाँडे र केहरसिंह बस्न्यातले संगठन गरेको सैनिकका साथै महोद्दामकीर्ति शाह, दलमर्दन शा, शुरप्रताप शाह, नन्दु शाह, दलजित शाहरुका साथ ठूलो संख्यामा सेना पठाइएको थियो । मकवानपुर बलियो राज्य थियो । सैनिक संगठन सुदृढ थियो । किल्ला पनि बलियो थियो । गोरखाले मकवानपुरमाथि आक्रमण गरेपछि मकवानपुरमा ठूलो लडाइँ भयो । करिब १० घन्टासम्म गोरखा र मकवानपुरबिच चलेको लडाइँमा गोरखाले विजय हासिल गरेको थियो । गोरखाको विजयसँगै मकवानपुर राज्यको भोगचलनमा रहेका सबै सम्पत्तिका साथै जमिन पनि गोरखा राज्यको हुन गएको थियो । माथि नै सन्दर्भमा आइसकेको छ, अहिलेको मधेश प्रदेशको धेरै ठुलो भूभाग त्यत्ति वेला मकवानपुर राज्यअन्तर्गत रहेको थियो । अब जब मकवानपुर राज्य नै गोरखा राज्यमा गाभिन पुगेपछि मधेशको केही भूभाग स्वतः पृथ्वीनारायण शाहको हुन गएको थियो । यसै गरी क्रमशः चौदन्डी र विजयपुरमाथि पनि पृथ्वीनारायण शाहको कब्जा भएपछि वर्तमान मधेश प्रदेशको सम्भवतः धेरै ठुलो भूभाग स्वतः गोरखाको हुन गएको थियो । यद्यपि मधेशको भूमि पृथ्वीनारायण शाहले पहिलेदेखि नै विवादास्पद रहेको बुझेका थिए र यसको तत्काल समाधानको लागि उनले प्रयास पनि गरेका थिए।

मकवानपुर, अम्बरपुर (चौदन्डी) तथा विजयपुर राज्यहरुमाथि आफ्नो नियन्त्रण स्थापित भएपछि, राजा पृथ्वीनारायण शाहले उपर्युक्त राज्यहरु ऋहिले हाम्रो नियन्त्रणमा आइसकेकाले उपर्युक्त राज्यका राजाहरुले मुर्सिदाबाद रियासतका मुगल प्रशासकहरुका तर्फबाट जेजस्ता सर्तहरुको अधिनमा रही उक्त राज्यका तराई क्षेत्रहरुमाथि आफ्नो नियन्त्रण स्थापित गरेका थिए, मुगल प्रशासकका उत्तराधिकारीको हैसियतले कम्पनी सरकारले पनि उक्त क्षेत्रहरु हामीलाई तूइसै सर्तमा छोडिदिनुपर्छ भनी आग्रह गरेका थिए । पृथ्वीनारायण शाहको आग्रह नियम तथा कानुसम्मत तथा तकपूर्ण भएकाले कम्पनी सरकारका उच्च पदस्थ कर्मचारीहरुले अस्वीकार गर्न सकेका थिएनन् ।

विघटित मकवानपुर राज्यमा कार्यरत रहँदै आइरहेका पुराना कर्मचारी सुब्बा दीनाथा उपाध्यायको सहयोगमा पुराना कागजपत्रहरुको छानबिन हुँदा मकवानपुर राज्यले बंगाल तथा बिहारका नबाब बजिरहरुलाई प्रत्येक वर्ष १४ हात अग्ला दुई ओटा हात्ती मालवाजबी (नजराना वा उपहार) का रुपमा बुझाउने गरी उक्त प्रदेशहरु परम्परादेखि नै उपभोग गर्दै आइरहेको देखिन आएकोले यही जानकारी उच्च पदस्थ अंग्रेज पदाधिकारीहरुलाई गराउँदा यस यथार्थलाई दुवै पक्षले स्वीकार गरी यसैअनुसार नेपाल सरकारलाई साबिकअनुसार नै प्रति वर्ष १४ हात अग्ला दुई ओटा हात्ती बालवाजबीका रुपमा बुझाउने सर्तमा कम्पनी सरकारका उच्च पदस्थ अंग्रेज पदाधिकारीहरुले मकवानपुर राज्यले उपभोग गर्दै आइरहेका तात्कालिक पर्सा, बारा तथा रौतहट जिल्लका तराई क्षेत्रहरु नेपाल सरकारलाई नै भोगचलन गर्न छोडिदिएका थिए । रहँदा बस्दा उक्त नजराना पनि बुझाउन नपर्ने भएको थियो । अम्बरपुर (चौदन्डी) तथा विजयपुर राज्यका तराई क्षेत्रहरुमाथिको स्वामित्वको विवाद पनि त्यत्ति वेला सौहार्द्रपूर्ण तरिकाले नै सुल्झिएको थियो । वास्तवमा विवाद सुल्झिएको थियो भन्दा पनि साम्य भएको थियो । तराईका विभिन्न ठाउँको जमिनको विवाद उठाएर नै कालान्तरमा अंग्रेजले नेपालमाथि आक्रमण भएको थियो र नेपाल–अंग्रेज युद्ध हुन पुगेको थियो।

पृथ्वीनारायण शाह आफ्नो एकीकरण अभियानको क्रममा अंग्रेजसित समस्यामा अल्झिन चाहेका थिएनन् । “नेपाल अधिराज्यमा गाभिन आएका मकवानपुर, अम्बपुर (चौदन्डी) तथा विजयपुर राज्यका भोगचलनमा रहँदै आएका तराई क्षेत्रहरु नेपाल अधिकारज्यका नै अभिन्न अंग हुन्” भन्ने तत्ति बेला पनि नेपाल सरकारको दाबी रहेको थियो । कम्पनी सरकारको यस दाबीमा सहमति रहको थिएन । “यी तराई क्षेत्रहरु बंगाल तथा बिहारका नबाब बजिरहरुबाट मकवानपुर तथा विजयपुर राज्यका राजाहरुले जमिन्दारी रुपमा भोगचलन गर्दै आइरहेका भारतीय भूभागहरु ह्ुन । यसैले नबाब बजिरहरुका उत्तराधिकारीको हैसियतले यथार्थमा यी भूभागहरुमाथि हाम्रा नै हुन्” भन्ने कम्पनी सरकारको सेवामा कार्यरत रहेका उच्च पदस्थ अंग्रेजी पदाधिकारीहरुको भनाइ रहेको थियो। यस स्थितिमा ‘होइन, उपर्युक्त तराई क्षेत्रहरु हाम्रा नै हुन, हामी कुनै हालतमा पनि उक्त क्षेत्रहरु तिमीहरुलाई छोड्न सक्दैनौँ’ भनी त्यत्ति बेला राजा पृथ्वीनारायण शाहले अनावश्यक ढिपी गरेका भए त्यत्ति नै बेला कम्पनी सरकारसँग नेपाल सरकारको विवाद चर्कने थियो र नेपाल अधिकाराज्यको पश्चिमतर्फको विस्तार सम्भव थिएन । तर त्यत्ति बेला नेपाल अधिराज्यमा सर्वेसर्वा भएर रहेका प्रभावशाली राजा पृथ्वीनारायण शाह निकै नै दूरदृष्टि भएका राजा थिए । उनले आफ्नो कूटनीतिक चातुर्यलाई देखाई कम्पनी सरकारका उच्च पदस्थ अंग्रेज पदाधिकारीहरुसँग विवादमा विग्रहको बाटो नसमाती आफ्ना दूतहरुमार्फत “भएका सबुद तथा प्रमाणहरुका आधारमा दुई पक्षमध्ये जसको ठहर्छ, त्यसलाई दुवै पक्षले मान्यता दिने” भन्ने शान्ति सन्देश पठाई दुई देशको बीचमा सिर्जिएका विवादलाई सहज रुपमा नै शान्त पारेका थिए ।

मकवानपुर राज्यमाथि पृथ्वीनारायण शाहको विजयपश्चात उनको ध्यान राज्यको विस्तार गर्न तथा विघटित राज्यका राजाहरुको विद्रोहलाई शान्त पार्न केन्द्रित थियो । कतै कतै सम्झौता र अधिकांश ठाउँमा युद्धमा उनको ध्यान केन्द्रित भएको देखिन्छ । आफ्नो जीवनकालको महत्वपूर्ण समय उनले युद्धमा नै बिताएको देखिन्छ । विसं १८१९ मा उनले मकवानपुर राज्य जितेपछि उनले अनेक युद्धहरु लड्नु परेको देखिन्छ।

राजा पृथ्वीनारायण शाहले आफ्नो जीवनकालको अन्तिम अवस्थामा दिएको सुप्रसिद्ध व्याख्यान ‘दिव्योपदेश’मा भनेका थिए – “आफ्ना निमित्त सुरक्षित किल्लाहरु खेज्न भनी अंग्रेज शक्ति एक न एक दिन यहाँ, नेपालमा अवश्य पनि आउने छ, त्यत्ति बेला उससँग तराई क्षेत्रमा ओर्लिई मुकाबिला नगर्नू, उसलाई यहाँका पहाडी क्षेत्रहरुभित्र सहजै आउन दिई उसमाथि प्रत्याक्रमण गर्ने गर्नू । यसबाट नै हामीलाई अपेक्षित सफलता मिल्ने छ।”

पृथ्वीनारायण शाहको देहान्त १८३१ म भयो । नेपाल–अंग्रेज युद्ध गीर्वाणयुद्धको समयमा भएको देखिन्छ । पृथ्वीनारायण शाहले भनेजस्तै नेपाल–अंग्रेज युद्धको तात्कालिक कारणमा बुटबल स्युराज क्षेत्रको जमिनको विवाद र रौतहटका २२ मौजाको जमिनको विवाद रहेको देखिन आउँछ । पृथ्वीनारायण शाह मकवानपुर विजयदेखि आफ्नो जीवनको अन्तिम समयसम्म पनि तराई मधेशको जमिनको बारेमा चिन्तित थिए वा यस क्षेत्रको भूभागलाई नेपालको अधिनमा राखिरहनको लागि कूटनीतिक रुपले पनि प्रयत्नशील थिए भन्ने देखिन आउँछ । यी तथ्यहरुले पृथ्वीनारायण शाहको मधेशसित दुई किसिमको सम्बन्ध रहेको देखिन्छ । उनको पहिलो सम्बन्ध यहाँ नाताको रहेको छ । उनको ससुराली यहाँको भूमिमा रहेको स्पष्ट छ तर यो सम्बन्ध त्यत्ति मिठासपूर्ण रहेको पाइँदैन । यद्यपि नातालाई टुटाउन वा छुटाउन पनि सकिन्न । अर्को, यहाँको जमिन नेपाल अधिकाराज्यको हो भन्ने सोचाइ र बुझाइ पृथ्वीनारायण शाहमा रहेको देखिन्छ । यसलाई नेपाल अधिराज्यको बनाइ राख्न र बचाइ राख्न उनले कूटनैतिक किसिमले प्रयास गरेको स्पष्ट छ । आफ्नो जीवनको अन्तिम कालमा पनि यस क्षेत्रको चिन्ता गरेको माथिको दृष्टान्तबाट स्पष्ट छ।

# सोह्रौँ पञ्चवर्षीय योजनाबारे छलफल

**रासस**
**काठमाडौँ ।**
राष्ट्रियसभा दीगो विकास तथा सुशासन समितिले सोह्रौँ पञ्चवर्षीय राष्ट्रिय विकास योजनामा दिगो विकास लक्ष्य प्राप्ति, शासकीय सुधार र सुशासन, सामाजिक न्यायका सन्दर्भमा आफ्नो अधिकार क्षेत्रभित्रका विषय समेटेर प्रतिवेदन तयार गरेको छ । राष्ट्रिय योजना आयोगलाई पञ्चवर्षीय योजनाका मुलभूत पक्ष कार्यान्वयनमा सहजीकरण गर्ने उद्देश्यले प्रतिवेदन तयार गरी बुझाउन लागिएको हो । सोह्रौँ पञ्चवर्षीय योजनामा समष्टिगत आर्थिक आधारको सवलीकरण र तीव्रतर आर्थिक वृद्धि, उत्पादन र उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि तथा मर्यादित श्रम एवम् उत्पादनशील रोजगारीसहितका विषय प्रस्ताव गरिएका छन् । स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण, गुणस्तरी पूर्वाधार एवम् एकीकृत यातायात व्यवस्था प्रणाली, आधुनिक, दीगो र व्यवस्थित सहरीकरण तथा बस्ती विकास, लैङ्गिक सशक्तिकरण, सामाजिक समावेशीकरण र परिचालन पनि सोह्रौँ योजनाका प्राथमिक विषय हुन् । प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार, गरिबी तथा असमानता न्यूनीकरण तथा समातामूलक समाज निर्माणका लागि सन्तुलित विकास, प्रभावकारी वित्तीय व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि पनि उक्त योजनामा समावेश भएका विषय हुन् । शासकीय सुधार तथा सुशासन अभिवृद्धि, अतिकम विकसित मुलुकबाट स्तरोन्नति र त्यसपछिको सहजीकरण तथा दीगो विकास लक्ष्य र हरित अर्थतन्त्रका विषय पनि योजनाका लक्षित कार्यक्रम हुन् । समितिका सभापति प्रकाश पन्थले पञ्चवर्षीय योजनामा समावेश सामाजिक न्यायअन्तर्गत दलित विकास, लैङ्गिक एवं अपाङ्गताका सवाल र सन्तुलित विकासका विषयमा भइरहेका छलफल तथा वार्षिक उपलब्धिबारे तयार गरिएको प्रतिवेदनमाथि छलफल गरी पुनःमूल्याङ्कनको आवश्यकता औँल्याए । समितिका सचिव डा रोजनाथ पाण्डेले पञ्चवर्षीय योजनामा समेटिएका १३ प्रस्तावित सूचीमध्ये समितिको कार्यक्षेत्रभित्र परेका लैङगिक सशक्तिकरण, सामाजिक समावेशीकरण, पहिचालनलगायतका विषयमा गहन छलफलसहित तयार गरिने प्रतिवेदन केही दिनभित्रै योजना आयोगमा प्रस्तुत गरिने बताए । उनले गरिबी तथा असमानता न्यूनीकरण तथा समातामूलक समाज निर्माणका लागि सुन्तुलत विकास र दीगो विकास लक्ष्य तथा हरित अर्थतन्त्रसम्बन्धी विषयमा समितिले प्रतिवेदन तयार गर्ने जानकारी दिए ।

# ‘व्यक्ति विशेषलाई नहेरी विधि र प्रक्रिया ठिक अपनाऔँ’



**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बहुमत प्राप्त प्रधानमन्त्रीको अधिकारलाई पन्छ्याएर गरिने निर्णय प्रक्रिया व्यवहारिक नहुने बताएकी छन् ।
संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई सशोधन गर्न बनेको विधेयकमाथि राज्य व्यवस्था तथा सुशासन समितिमा उठेको जिज्ञासामा उनले व्यक्ति विशेषलाई नहेरी विधि र प्रक्रिया ठिक अपनाउनेतर्फ सुझाव दिनुपर्ने खाँचो औँल्याइन् । मन्त्री शर्माले भनिन्, ‘विधेयकलाई समृद्ध र गुणस्तरीय तुल्याउन हामी सबै एकै ठाउँमा उभियौँ, सर्वसम्मतिमा समाधान खोजौँ, अहिले को पात्र छ भनेर नहेरौँ ।
लोकतन्त्रको विकल्प भनेको उन्नत लोकतन्त्र मात्र हुनसक्छ । असल अभ्यास र विकल्प पनि खोजौँ ।’
यसअघि राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सहभागी सदस्यहरुले मुलुकका विशिष्ट व्यक्तिको सहभागिता रहने परिषद्का सदस्य बैठकमा भाग लिनु संवैधानिक दायित्व भएकाले विकल्पमा अर्को संरचना बनाउदैँमा विद्यमान समस्या समाधान हुने सुनिश्चिता नरहेको धारणा राखेका थिए । दक्षिण एशियाली मुलुकमध्ये नेपालमा भइरहेका लोकतन्त्रका कयौँ अभ्यास असल रहेका उदाहरण प्रस्तुत गर्दै उनीहरुले प्रतिपक्ष दलका नेता बैठकमा उपस्थित नभए पनि चाहेको व्यक्तिले नियुक्ती पाएका घटना सुनाए । परिषद्बाट हुने निर्णय प्रक्रिया र गणपुरक सङ्ख्यालाई केन्द्रित गरी संशोधन गर्न ल्याइएको विधेयकमाथिको सैद्धान्तिक छलफलमा केही सदस्यहरुले अध्यक्षसहितको बहुमत सदस्यबाट निर्णय गर्ने प्रावधान राख्नु उपयुक्त हुने तर्क गरे । मुलुकको सर्वोच्च निकायका रुपमा रहेको परिषद्कै सदस्यबाट सवैधानिक दायित्व र पदीय जिम्मेवारी पूरा नहुनु सुहाउँदो विषय नभएको उल्लेख गर्दै सदस्यहरुले एक थरिले बैठक नबोलाउने अर्को थरी बैठकमा नजाने प्रवृत्तिलाई अन्त्य गरिनुपर्ने सुझाव दिए । समितिका केही सदस्यहरुले मुलुकका विशिष्ट भनिएका व्यक्तिबाटै संविधान र लोकतन्त्रको सम्मान हुन नसकेको तर्क गर्दै यस्तो अवस्थामा पदीय जिम्मेवारीलाई कानुनद्वारा बाध्यकारी तुल्याउनुपर्ने राय प्रस्तुत गरे । केही सदस्यहरुले बैठकमा नआउने प्रवृत्तिले परिषद्को कामलाई नियमित गर्न चुनौती खडा रेको प्रतिक्रिया दिँदै विधिभन्दा व्यक्ति ठूलो हो भन्ने प्रवृत्तिले लोकतन्त्रलाई संस्थागत गर्न योगदान पुर्याउन नसक्ने भनाइ राखेका थिए । बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवले अनुपस्थित हुनुभन्दा बैठकमा आएर आफ्ना कुरा राख्ने अधिकारको सबै सदस्यबाट पालना भएमा परिषद्लाई नियमितरुपमा कामकारबाही अघि बढाउन सजिलो हुने तर्क गरे । समितिका सदस्यहरुले समावेशी लोकतन्त्रलाई दीगो तुल्याउन परिषद्सम्बन्धी हालको संवैधानिक व्यवस्था गरिएको उल्लेख गर्दै सरकार एउटा दलको, परिषद्मा अर्को पक्षको बहुमत हुँदा सिर्जना हुनसक्ने असहज अवस्था अन्त्य गर्ने ध्येयले संशोधन विधेयक ल्याइएको जानकारी दिए ।
हालको व्यवस्था र प्रस्तावित विधेयकमा प्राविधिक हिसाबले खासै भिन्नता नरहे पनि भाषागत स्पष्टता कायम गर्न खोजिएको उनीहरुको भनाइ थियो । उक्त विधेयकमाथिको शैद्धान्तिक छलफल सकिएलगत्तै दफावार छलफल सुरु भएको छ ।
समितिको मंगलबारको बैठकले उक्त विधेयकमा सर्वसम्मति कायम गर्न नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीबाट समितिमा प्रतिनिधित्व गर्ने वरिष्ठ सदस्यलाई जिम्मेवारी दिएको छ ।

# जनअपेक्षा अनुसारका कानुन बनेनन्: चौधरी



“
‘हाम्रो जस्तो मुलुकमा जनताले जनप्रतिनिधिबाट बाटो, पुल, स्वास्थ्यचौकी, विद्यालय, खानेपानी, सिँचाइ निर्माणको अपेक्षा गरेका हुन्छन्, सांसद पनि त्यसमा कुनै न कुनै रुपमा लाग्नैपर्छ । यसलाई अन्यथा सोच्नु हुँदैन ।’
**तेजुलाल चौधरी, प्रतिनिधिसभा सदस्य**

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता एवं सप्तरीको निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित तेजुलाल चौधरीले पार्टीको अनुशासनमा पनि रहनुपर्ने र जनताको भावनाको आवाज पनि उठाउनुपर्ने भएका कारण जनप्रतिनिधिले सोचेअनुसार कानुन बनाउन नसकेको स्वीकार गरेका छन् । कानुन निर्माणका क्रममा शीर्ष नेताबीच सहमति हुन नसक्दा र कतिपय अवस्थामा कर्मचारीतन्त्रको प्रभाव हुने भएकाले सदनबाट सोचेअनुसारको कानुन बनाउन चुनौती रहेको उनको टिप्पणी छ । राससँग कुरा गर्दै सांसद चौधरीले भने, ‘सदनमा कानुन बन्ने प्रक्रिया पनि लामो छ, सरकारले पर्याप्त मात्रामा बिजनेस पनि दिन सकेको छैन, दलबीच सहमति हुन नसक्दा संविधान कार्यान्वयनसँग जोडिएका महत्वपूर्ण कानुन बन्न सकेका छैनन्, प्रतिपक्षी दलको अवरोधले पनि संसद्ले सहजरूपमा काम गर्न पाएको हुँदैन ।’ सदनमा सांसदहरु तीन÷चार जना शीर्ष नेताको निर्णयमा ताली पिट्ने मात्र अवस्था रहेको उल्लेख गर्दै उनले नेतृत्वमा इच्छाशक्ति पनि नदेखिएकाले पनि संविधान कार्यान्वयनका महत्वपूर्ण कानुन समयमै बन्न नसकेको टिप्पणी गरे । विसं २०३६ देखि नेविसङ्घबाट राजनीतिमा प्रवेश गर्नुभएका उनीसँग राजनीतिका साथै केही समय शिक्षण पेसामा लागेर प्याब्सन, एन प्याब्सन र शिक्षक सङ्घमार्फत पेसागत राजनीति गरेको अनुभव समेत छ ।
तीन पटक संसद्को निर्वाचनमा लगातार विजयी भएका सांसद चौधरीले संसद्को शून्य, विशेष र आकस्मिक समयमा जनताका आवाज उठाउँदा समाचारका लागि मात्र हुने गरेको गुनासो गरे । सदनमा उठेका विषयको कार्यान्वयन पक्ष फितलो रहेको उनको भनाइ थियो । सांसद चौधरीले भने, ‘सदनमा उठेका विषय कार्यान्वयनका लागि सरकारमार्फत सम्बन्धित निकायमा पत्राचार गर्नुपर्छ । अनिमात्र राज्यका निकाय जनताप्रति उत्तरदायी हुन्छन् ।’ विसं २०५२ मा कांग्रेसको क्रियाशील सदस्यता लिएर पार्टीमा सक्रिय रहेका उनी २०६२÷६३ सालको आन्दोलनमा सक्रिय सहभागी भएका थिए । कांग्रेसमा लगातार चार पटक महासमिति सदस्य रहेका सांसद चौधरी कांग्रेसको १४औँ महाधिवेशनमा सहमहामन्त्रीका प्रत्यासी थिए । सांसदको प्रमुख काम नीति

- भ्रष्टाचारका विषयमा सबै दल गम्भीर बन्नुपर्छ
- राज्यका निकाय जनताप्रति उत्तरदायी भएनन्
- जनप्रतिनिधि विकास निर्माणमा जोडिनु बाध्यता
- जनताका अपेक्षाअनुसार विकास निर्माण हुन सकेन

निर्माण भए पनि जनताको अपेक्षा र जनताबीच गरेका वाचा पूरा गर्न पनि सांसदले केही विकास निर्माणका काममा लाग्नुपर्ने बाध्यता रहेको उनको तर्क छ । सांसद चौधरीले भने, ‘हाम्रो जस्तो मुलुकमा जनताले जनप्रतिनिधिबाट बाटो, पुल, स्वास्थ्यचौकी, विद्यालय, खानेपानी, सिँचाइ निर्माणको अपेक्षा गरेका हुन्छन्, सांसद पनि त्यसमा कुनै न कुनै रुपमा लाग्नैपर्छ । यसलाई अन्यथा सोच्नु हुँदैन ।’ प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिले कुनै न कुनै विकास निर्माणका काममा जोडिनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । उनी संविधानसभाको दोस्रो निर्वाचनमा २०७० सालमा सप्तरी निर्वाचन क्षेत्र नं ५, २०७४ र २०७९ मा सप्तरीको निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा कांग्रेसबाट निर्वाचित भएका थिए । सङ्घीयता कार्यान्वयनका आवश्यक कानुन बन्न नसक्दा प्रदेश र स्थानीय तहले काम गर्न नसकेको तीनै तहका सरकारबीच आपसी समन्वय पनि हुन नसकेको सांसद चौधरीको भनाइ छ । विसं २०१९ मा सप्तरीमा जन्मिएका उनले भ्रष्टाचारका प्रकरण र अनियमितता नियन्त्रण गर्न सके मात्र मुलुकमा सुशासन कायम हुने बताउँदै भ्रष्टाचारमा संलग्न दोषीलाई कारबाहीको दायरामा ल्याउन सबै एकजुट हुनुपर्ने बताए । सांसद चौधरीले भ्रष्टाचार र अनियमितताका सम्बन्धमा सदनमा उठेका विषयमा सरकार र प्रतिपक्षी दल गम्भीर हुनुपर्ने र नियन्त्रणका कडारूपमा प्रस्तुत हुनुपर्ने उल्लेख गरे । सत्ता भएका बेला एकथरी धारणा बनाउने र प्रतिपक्षमा भएका बेला अर्को विचार बनाउने दलहरूबीचको समस्याका कारण पनि कतिपय अवस्थामा सदनले प्रभावकारी काम गर्न नसकेको उनको अनुभव छ । जनताका अपेक्षाअनुसार विकास निर्माण हुन नसक्दा र रोजगारी दिन नसक्दा युवाहरू कामका लागि विदेशिन बाध्य भएकोप्रति चिन्ता व्यक्त गर्दै सांसद चौधरीले यो विषयलाई समयमै समाधान गर्न सकिएन भने अहिलेको राजनीतिक व्यवस्थाको भविष्य नै खतरामा पर्न सक्ने बताए । तसर्थ सबै दल मिलेर जनतालाई सुशासन दिनुपर्ने अपरिहार्यता औँल्याउँदै उनले यसबाट जनतामा देखिएको वितृष्णा हटाउन सकिनेमा जोड दिए ।

# शान्ति समाजको संरचनामा ४० प्रतिशत महिला अनिवार्य



**रासस**
**काठमाडौँ ।**
मानव अधिकार तथा शान्ति समाजको केन्द्रीय तथा जिल्ला कार्यसमितिमा न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्व रहेकाले अब ४० प्रतिशत पु¥याउने सङ्कल्प प्रस्ताव पारित भएको छ । समाजको २६औँ राष्ट्रिय परिषद् बैठकले योसहित ११ वटा प्रस्ताव पारित गर्दै सम्पन्न भएको अध्यक्ष रामकृष्ण बरालले जानकारी दिए ।
समाजले चुरे ध्वस्त पार्न पाइदैनः मरुभूमिकरण गर्ने नीति चाहिदैँन शीर्षकको प्रस्तावमा बाह्य दबाबमा परेर चुरे ध्वस्त पारी ढुङ्गा, गिटी निकासीको योजना पर्यावरणीय सन्तुलनका हिसाबले आपत्तिजनक भएको हुँदा चुरे ध्वस्त पार्ने नीति खारेज गर्न सरकारलाई आग्रह गरेको छ ।
विकासको अधिकार अन्तर्गत राष्ट्रिय परिषद् बैठकले तराई–मधेशको जीवनरेखाको रुपमा रहेको हुलाकी सडकमार्ग शीघ्र सम्पन्न गर्न ध्यानाकर्षण र कर्णालीको उत्थानमा योगदान गर्न १० बुँदाको आग्रहसहित प्रस्ताव पारित गरेको उनले बताए । यसैगरी राष्ट्रलाई हानी पुर्याउने एनसेल घोटाला प्रकरण राज्यविरुद्धको अपराध भन्दै त्यसविरुद्ध वृहत् अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ ।सङ्क्रमणकालीन न्याय प्रक्रिया सम्बन्धमा संसद्मा विचाराधीन विधेयकलाई मानव अधिकारमैत्री बनाइ टुङ्गोमा पुर्याउन आग्रह गर्दै यस विषयमा संसद् संवेदनशील नबन्ने हो भने भविष्यमा विभिन्न खाले हस्तक्षेप निम्तिन सक्ने सम्भावनाप्रतिसमेत ध्यानाकर्षण गराएको छ । वातावरणमा हानी गर्ने सामग्री प्रयोग नगर्ने सङ्कल्पसहित २६औँ राष्ट्रिय परिषद् बैठकले लोकतन्त्रको प्राणः सुशासन र सद्भाव भएको स्मरण गराउँदै समुदायबीच स्थिर र सुमधुर सम्बन्धमा जोड दिएको छ । इजरायलको बर्बरता र हमासको आतङ्क विश्व शान्तिका लागि खतरा भएको भन्दै हमासद्वारा बन्धक बनाइएका विपीन जोशीसहित सबैको रिहाइको माग गरिएको छ, भने इजरायलले गरेको मानवताविरुद्धको अपराधको निन्दा गरिएको छ । शान्ति समाजले कार्यक्रम गर्दा पृथक स्वरुपका केही कार्यक्रमलाई छाडेर सबै कार्यक्रम नागरिक संवाद कार्यक्रमको रुपमा आयोजना गर्ने निर्णय पनि राष्ट्रिय परिषद् बैठकले गरेको छ । राष्ट्रिय परिषद्कै उद्घाटन सत्रलाई पनि सोही अनुरुप परिमार्जन गरिएको थियो । वर्ष २०८१ को राष्ट्रिय परिषद् बैठक शान्ति समाजको चितवन र नवलपुर शाखाको संयुक्त आयोजनामा हुदैँछ भने २०८२, ८३ र ८४ को राष्ट्रिय परिषद् बैठक पाल्पा, सुर्खेत र महोत्तरी शाखाको आतिथेयमा गर्ने निर्णय पनि परिषद् बैठकले गरेको छ । शान्ति समाज पर्सा शाखाको आतिथेयमा सम्पन्न बैठकमा ३२ जिल्ला शाखाबाट प्रतिनिधि तथा पर्यवेक्षक गरी १९१ को सहभागिता रहेको थियो । आयोजनाको खर्च आतिथेय पर्सा शाखाले र यातायात खर्च सहभागी स्वयंले बहन गरेको जनाइएको छ ।

# प्रहरी समायोजनपछिको तयारीमा जुट्न मुख्यमन्त्रीको निर्देशन

**रासस**
**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रहरी समायोजनापछिको तयारीका लागि जुट्न निर्देशन दिएका छन् ।
आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मंगलबार अनुगमन गर्दै उनले सङ्घीय सरकारले प्रदेश सरकारर्लाई प्रहरी समायोजन गरी हस्तान्तरण गर्न लागेकाले यस सम्बन्धमा आवश्यक तयारी गर्न मन्त्रालयका कर्मचारीलाई निर्देशन दिएका हुन् ।
मुख्यमन्त्री कार्कीले प्रहरी समायोजन भएपछि त्यसको सञ्चालन, सरूवा तथा बढुवाको विधि निर्माण गर्न पूर्वतयारीमा जुट्नुपर्ने आवश्यक्ता औँल्याए । ‘जनताको दैनिकीका साथै शान्ति सुरक्षामा प्रत्यक्ष रुपमा जोडिएको यस मन्त्रालयले जनतालाई महसुस हुने गरी काम गर्नुपर्छ’ उनले भने । मुख्यमन्त्री कार्कीले बजेट पूर्णरुपमा कार्यान्वयन गरेमा मात्र जनतासमक्ष सरकार पुगेको महसुस हुने बताए ।
‘ट्राफिक सप्ताह होइन, प्रत्येक दिन ट्राफिक अभियान चलाउन र सडकमा जडान गरिएका सिसी क्यामेराको प्रभावकारीरुपमा अनुगमन गर्नुपर्छ’, मुख्यमन्त्री कार्कीले भने ।
सो अवसरमा मन्त्रालयका कर्मचारीले प्रदेशका १४ जिल्लामध्ये नौ जिल्लाको नक्शाङ्कन एकीकृत गर्ने काम भइरहेको र बाँकी जिल्लाको कार्य चाँडै सम्पन्न गरिने मुख्यमन्त्री कार्कीलाई जानकारी गराएका थिए ।

# बक्यौता महसुल बुझाउन ६० महिनाको म्याद

**रासस**
**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रङ्कलाइनको बक्यौता महसुल बुझाउन ६० महिनाको म्याद दिएको छ ।
प्राधिकरणले मंगलबार सार्वजनिक सूचना जारी गर्दै अबको ३० दिनभित्र प्राधिकरणको सम्बन्धित वितरण केन्द्रमा सम्पर्क राखी किस्ताबन्दीको सुविधाका लागि आवेदन दिन आग्रह गरेको हो ।
प्राधिकरणको यही पुस १६ गतेको सञ्चालक समितिको बैठकले बक्यौता रकम किस्ताबन्दीमा बुझाउने विशेष व्यवस्था गरेको सूचनामा जनाइएको छ । यो व्यवस्था एक पटकका लागि गरिएको पनि प्राधिकरणले स्पष्ट गरेको छ । प्राधिकरणका अनुसार ६१ वटा उद्योगको २२ अर्ब २४ करोड रूपैयाँ बक्यौता छ । बक्यौता नबुझाएका २४ उद्योगको विद्युत् सेवा कटौती गरेको छ ।

# माथिल्लो मोदी–ए जलविद्युत् आयोजनामा लगानी जुट्यो




**रासस**
**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीमार्फत् कास्कीको अन्नपूर्ण गाउँपालिकामा निर्माण हुने ४२ मेगावाट क्षमताको माथिल्लो मोदी 'ए' जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ । निर्माण अवधिको ब्याजसहित १० अर्ब ५७ करोड रुपैयाँ अनुमानित लागत रहेको आयोजनामा ७० प्रतिशत ऋणबाट र ३० प्रतिशत स्वपूँजी (इक्विटी)बाट लगानी जुटाइएको हो । एनएमबी बैङ्क र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसीएल) को सहवित्तीयकरणमार्फत् आयोजनामा निर्माण अवधिको ब्याजसहित सात अर्ब ४० करोड रुपैयाँ ऋण लगानी गर्ने छन् । कुल ऋणमध्ये एनएमबी बैङ्कको चार अर्ब ४० करोड रुपैयाँ र एचआइडिसीएलको तीन अर्ब रुपैयाँ रहनेछ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा आयोजनाको प्रवद्र्धक मोदी जलविद्युत् कम्पनी लिमिटेड, एनएएमबी बैङ्क र एचआइडिसीएलबीच त्रिपक्षीय ऋण सम्झौतामा हस्ताक्षर भएको छ । त्यस अवसरमा मन्त्री बस्नेतले देशभित्र उत्पादित विद्युत् आन्तरिक रुपमै खपत बढाउने र बचत भएको विद्युत् भारत तथा बङ्गलादेशलाई बिक्री गर्ने लक्ष्यका साथ सरकारले काम गरिरहेको बताए । मन्त्री बस्नेतले १० वर्षमा १० हजार मेगावाट विद्युत् भारतीय बजारमा निर्यात सुनिश्चित भएकाले अहिले उत्पादन तथा आन्तरिक खपतवृद्धि र निर्यातलाई विशेष ध्यान दिई काम अगाडि बढाइएको बताए । 'जलविद्युत् आयोजनाको उत्पादन अनुमतिपत्र लिएर वर्षौंसम्म काम नगर्ने र विद्युत् खरिद बिक्री सम्झौता गरेर नौ÷दश वर्षसम्म एक प्रतिशतसम्म पनि काम नगर्ने अवस्था देखिएको छ, यस्तो अवस्थाको अन्त्य गर्न चाँडै महत्वपूर्ण निर्णय गर्दैछौँ', उनले भने, 'विद्युत् महसुललगायत विषयमा राज्यले अन्यायपूर्ण व्यवहार गर्दैन, न्यायपूर्ण व्यवहार गर्दछ ।' ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देलले देशभित्र उत्पादित विद्युत् निर्यातका लागि नेपाल–भारतबीचका पूर्वाधार संरचनाहरुको थप विस्तार र सुदृढीकरणका लागि छलफल भइरहेको जानकार दिए ।
प्राधिकरणका कार्यकारी निर्देशक एवं मोदी जलविद्युत् कम्पनीका अध्यक्ष कुलमान घिसिङले आगामी दिनमा नेपालको जलविद्युत् विकासले फड्को मार्ने बताए । 'प्राधिकरण अब ठूला जलविद्यूत् आयोजनाको निर्माणमा अगाडि बढ्दैछ । सन् २०२४ भित्रमा एक हजार ६१ मेगावाटको माथिल्लो अरुण र छ सय ३५ मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको छ', कार्यकारी निर्देशक घिसिङले भने, 'प्राधिकरण र त्यसका सहायक कम्पनीमार्फत करिब १६ हजार मेगावाट विद्युत उत्पादनका आयोजना अध्ययन, निर्माण र लगानी जुटाएर निर्माणमा जाने चरणमा छन् ।'
एचआइडिसीएलका प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतमले विद्युत् उत्पादन आयोजना निर्धारित समयमा समयमा पूरा हुँदैनन् भन्ने भाष्य असत्य साबित गर्नेतर्फ निर्माता र प्रवद्र्धकहरु लाग्नुपर्नेमा जोड दिए । उनले सन् २०३५ सम्ममा २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्यलाई पूरा गर्ने आवश्यक पर्ने रकम जोहो गर्ने कम्पनी तयार रहेको बताए । एनएमबी बैंकका प्रमुख कायकारी अधिकृत सुनिल केसीले आयोजनामा लगानी गर्न पाउनु आफ्नो बैङ्कका लागि अवसर भएको बताए । माथिल्लो मोदी 'ए' जलविद्युत् आयोजनाको निर्माण सुरु भएको ४ वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य छ । हालसम्म आयोजना निर्माण तयारीका कामहरु भइरहेका छन् । आयोजनाको प्योकज–१ अन्तर्गत सिभिल तथा हाइड्रोमेकानिकल काम गर्न बोलपत्र आह्वान गरी बोलपत्रदाताले पेस गरेको प्राविधिक प्रस्ताव मूल्याङ्कनको अन्तिम चरणमा छ । आयोजनाको साइट कार्यालय तथा आवसगृह निर्माण भइरहेको छ । निजी जग्गा अधिग्रहण तथा वन क्षेत्रको जग्गा प्रयोगको स्वीकृति भइसकेको छ । आयोजनाको निर्माण सुपरीवेक्षण परामर्शदाताका लागि एनइए इन्जिनियरिङ कम्पनसँग सम्झौता भइसकेको छ । कम्पनीले १८ दशमलव २ मेगावाटको माथिल्लो मोदी जलविद्युत् आयोजनाकोसमेत निर्माण गर्ने छ ।

# नेप्से परिसूचक बढ्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २० दशमलव ६२ अङ्कले वृद्धि भएको छ । मंगलबार नेप्से परिसूचक एक प्रतिशतले बढेर दुई हजार ८० दशमलव १२ अङ्कमा कायम भएको छ । तीन सय नौ कम्पनीको एक करोड ७९ लाख ४९ हजार पाँच सय ६२ कित्ता शेयर एक लाख चार हजार छ सय १९ पटक खरिदबिक्री हुँदा छ अर्ब ११ करोड ८३ लाख १७ हजार आठ सय ६६ रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । मंगलबार विद्युत् समूह शून्य दशमलव ४५, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०४ र म्युचुअल फन्ड समूह शून्य दशमलव १५ प्रतिशतले घटेका छन् भने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैङ्क समूह पाँच दशमलव २१ र होटल तथा पर्यटन समूह तीन दशमलव ६४ प्रतिशतले बढेका छन् । आठ कम्पनीको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ । विकास बैङ्कको शेयर कारोबार बढेको देखिएको छ । कर्णाली डेभलपमेन्ट बैङ्क लिमिटेड, सिन्धु विकास बैङ्क लिमिटेड, कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैङ्क लिमिटेड, अपर स्याङ्गी हाइड्रोपावर लिमिटेड, त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड, मुक्तिनाथ कृषि कम्पनी लिमिटेड र हिमालय रिइन्सुरेन्स कम्पनीको शेयर मूल्य १० प्रतिशतले बढेको छ । सबैभन्दा धेरै धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव १९ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा मंगलबरा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको २१ करोड ४९ लाख ४५ हजार आठ सय ९३ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने नेपाल इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैङ्क लिमिटेडको आठ लाख ५१ हजार ५० कित्ता शेयर किनबेच भएको छ ।

# श्रमिकलाई आर्थिक बोझ नथप्न प्रधानमन्त्रीको निर्देशन



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप आर्थिक भार पर्ने निर्णय तत्काल फिर्ता लिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री कार्यालयमा मंगलबार श्रममन्त्री, सचिव र विभागीय कर्मचारीसँगको छलफलमा उनले मन्त्रालयले वृद्धि गरेको भनिएको शुल्क श्रमिकबाट नलिई यथावत् रुपमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउन निर्देशन दिए । प्रधानमन्त्री दाहालले मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारीमा रहेका नेपालीको महत्वपूर्ण योगदान रहेको स्मरण गराउँदै श्रमिकलाई अतिरिक्त आर्थिक भार थप्ने मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न निर्देशन दिए । 'हाल वृद्धि भएको भनिएको शुल्क श्रमिकबाट नलिई यथावत् रुपमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउनुहोला',उनले भने, 'आन्तरिक वा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप सेवा शुल्कलगायत थप आर्थिक बोझ पर्ने कुनै प्रकारको काम नगर्ने व्यवस्था गर्नुहोला ।'
वैदेशिक रोजगारीमा जाने युवा अनुचित लेनदेन र दलालबाट ठगिएका उल्लेख गर्दै प्रधानमन्त्रीले उनीहरुलाई सरकारले नै सस्तो ब्याजमा ऋण दिने व्यवस्था मिलाउनुपर्ने बताए । सामाजिक सुरक्षा कोषमा सङ्कलन भएको रकमलाई अधिकतम् लाभ हुने परियोजनामा लगानी गर्ने व्यवस्था मिलाउन निर्देशन दिँदै उनले श्रमिकलाई उद्यमशील बनाउने र वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान सीप र पूँजीको पूर्ण उपयोग गर्ने वातावरण सृजना गर्न आग्रह गरे । प्रधानमन्त्री दाहालले सामाजिक सुरक्षा कोषमा औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारी तथा स्वरोजगारमा रहेका श्रमिकको आबद्धता र विस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिए । उनले वैदेशिक रोजगारीका स–साना कामका लागि पनि काठमाडौँ धाउनुपर्ने परिस्थितिको अन्त्य गरी सम्भव भएसम्म सबै सेवा स्थानीय तहबाटै प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्ने बताए ।

**आन्तरिक रोजगारी प्रवद्र्धन दशकको तयारी**

छलफलमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले विश्व श्रम बजार 'डिजिटलाइजेसन' भइसकेकाले त्यसलाई नेपालले पनि व्यवस्थित बनाउनुपर्नेमा जोड दिए । उनले युवालाई स्वदेशमै रोजगारीको वातावरण मिलाउन मन्त्रालयले आन्तरिक रोजगारी प्रवद्र्धन दशकको तयारी गरिरहेको बताए । मुख्यसचिव डा बैकुण्ठ अर्यालले भारतबाट कैयौँ नागरिक नेपाल आएर स्वरोजगारमूलक काम गरेर लाखौँ कमाउने दृष्टान्त दिँदै नेपालीले स्वदेशमै श्रम गर्दा हिच्किचाउने परिस्थितिको अन्त्य गर्न श्रम संस्कृति र अभिमुखीकरण आवश्यक रहेको बताए । उनले वैदेशिक रोजगारीमा जाने नेपालीका लागि बैङ्किङ प्रणालीबाट नै सस्तो दरमा ऋण दिनसक्ने गरी आवश्यक तयारी गर्नुपर्ने बताए ।
श्रम मन्त्रालयका सचिव केवल भण्डारीले आगामी दशकलाई आन्तरिक रोजगारी प्रवद्र्धन दशकका रूपमा मनाउने गरी काम सुरु गरिएको र त्यसले देशभित्रै रोजगारी सृजनाका निम्ति सकारात्मक योगदान गर्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तन गरी त्यसलाई सीप र उत्पादनसँग जोड्न लागिएको उनले बताए । प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालले प्रधानमन्त्रीको नामसँग जोडिएका कार्यक्रमहरू छरिएका र तिनको प्रतिफल सन्तोषजनक नभएको वास्तविकता सुनाउँदै ती कार्यक्रमलाई एकीकृत गरी परिणाममुखी क्षेत्रमा परिचालन गर्नुपर्नेमा जोड दिए ।

# बङ्गलादेशको चुनाव स्वतन्त्र र निष्पक्ष छैनः अमेरिका

*"अमेरिकाले राजनीतिक गिरफ्तारी तथा अनियमितताका साथै निर्वाचनका समयमा भइरहेका हिंसाको पनि निन्दा गरेको छ । अमेरिकाले बङ्गलादेशी सरकारलाई हिंसाको छानविनका लागि आग्रह गरेको छ ।"*



**एएनआई**
**वाशिङ्गटन डीसी ।**
संयुक्त राज्य अमेरिकाले आइतबार सम्पन्न बङ्गलादेशको आम चुनाव स्वतन्त्र र निष्पक्ष नभएको धारणा व्यक्त गरेको छ । अमेरिकाले चुनावमा सबै दलले भाग नलिएको विषयमा दुःखसमेत व्यक्त गरेको छ ।
बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले विपक्षीदलले बहिष्कार गरेको चुनावमा अवामी लिग पार्टीका तर्फबाट संसद्को आधाभन्दा बढी सिट जितेर लगातार चौथो कार्यकालका लागि बहुमत प्राप्त गरेकी छन् । संयुक्त राज्य अमेरिकाले पर्यवेक्षकसँग चुनाव स्वतन्त्र तथा निष्पक्ष नभएको धारणा व्यक्त गर्दै अमेरिकी विदेश मन्त्रालयले विज्ञप्तिमार्फत गहिरो खेद व्यक्त गरेको छ ।
विज्ञप्तिमार्फत अमेरिकाले बङ्गलादेशका जनताका लागि लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताका लागि भने पूर्ण समर्थन रहेको बताएको छ । हाल जेलमा रहेकी पूर्व प्रधानमन्त्री खालिदा जियाको नेतृत्वको बङ्गलादेश नेसनलिस्ट पार्टीको बहिष्कारबीच आइतबार सम्पन्न निर्वाचनमा शेख हसिना पाँचौं कार्यकालका लागि पुनः निर्वाचित भएकी हुन् ।
अमेरिकाले राजनीतिक गिरफ्तारी तथा अनियमितताका साथै निर्वाचनका समयमा भइरहेका हिंसाको पनि निन्दा गरेको छ । अमेरिकाले बङ्गलादेशी सरकारलाई हिंसाको छानविनका लागि आग्रह गरेको छ । यसैगरी अमेरिका स्वतन्त्र र खुला इन्डो–प्यासिफिकको साझा दृष्टिकोणलाई अगाडि बढाउन बङ्गलादेशसँग साझेदारी गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ । अमेरिका स्वतन्त्र, खुला इन्डो–प्यासिफिकको लागि साझा दृष्टिकोणलाई अगाडि बढाई, बङ्गलादेशमा मानवअधिकार र नागरिक समाजलाई समर्थन गर्दै जनताको आर्थिक सम्बन्धलाई सुदृढ गर्न साझेदारी गर्न प्रतिबद्ध भएको पनि अमेरिकाले जनाएको छ ।
डेली स्टारका अनुसार, शेख हसिनाको पार्टीले १२औं संसदीय चुनावमा लगातार चौथो कार्यकाल जितेको छ । जुन चुनावमा सन् १९९१ मा प्रजातन्त्रको पुनःस्थापनापछि दोस्रो सबैभन्दा कम मतदाताको सहभागिता रहेको जनाइएको छ । प्रमुख विपक्षी बीएनपी र अन्य १५ दलको बहिष्कारबीच अवामी लिगले पाँच निर्वाचन क्षेत्रमा जित हासिल गरेको छ । विजयपछि, हसिनाले बङ्गलादेशका जनताको सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्दै, बारम्बार मतदान गर्ने नागरिकहरू प्रति आफ्नो जिम्मेवारी बोध भएको बताएकी छन् ।

# रिजवान बने उपकप्तान




**मधेशदृष्टि**
**वीरगंज ।**
पाकिस्तान क्रिकेट बोर्ड(पिसीबी)ले मोहम्मद रिजवानलाई टी–२० टोलीको नयाँ उपकप्तान बनाएको छ । उनले शादाब खानको स्थान लिनेछन् ।
रिजवान पाकिस्तानका लागि टी–२० मा ओपनिङ गर्छन् । बोर्डले पुरुष टोलीका सबै विदेशी प्रशिक्षक स्टाफलाई पनि हटाएको छ । मुख्य प्रशिक्षक ग्रान्ट ब्राडबर्न इंग्लिस काउन्टी टोली ग्लेमोर्गनसँग आबद्ध पनि भइसकेका छन् । नयाँ प्रशिक्षकलाई नियुक्त गरिएको छैन । टोलीले जनवरी १२ देखि न्युजिल्याण्डविरुद्ध ५ वटा टी–२० खेलको शृङ्खला खेल्न लागेको छ । पाकिस्तानको टोली पछिल्लो समय खराब फर्मबाट गुज्रिरहेको छ । टोलीले हालै अस्ट्रेलियाविरुद्धको टेस्ट शृङ्खला ३–० ले गुमाएको थियो ।

# शमीलाई अर्जुन पुरस्कार



भारतीय फास्ट बलर मोहम्मद शमीलाई अर्जुन पुरस्कार प्रदान गरिएको छ । भारतकी राष्ट्रपति द्रौपदी मुर्मूले मंगलबार पुरस्कार प्रदान गरेकी हुन् । मोहम्मद शमीले गत वर्षको एकदिवसीय विश्वकपमा आफ्नो बलिङमार्फत् प्रभावशाली प्रदर्शन गरेका थिए । उनले विश्वकप २०२३ का सात खेलमा कुल २४ विकेट लिएका थिए । मोहम्मद शामीले १०१ एकदिवसीय खेलमा १९५ विकेट, ६४ टेस्टमा २२९ विकेट र २३ ट्वान्टी–२० खेलमा २४ विकेट लिएका छन् ।

# मधेश प्रहरी प्रमुखमा पोखरेल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश प्रहरी प्रमुखमा प्रहरी नायम महानिरीक्षक (डिआइजी) यज्ञ विनोद पोखरेल आउने भएका छन् । प्रदेश प्रमुख जनक भट्टराईको सरुवा भएपछि पोखरेल आउने भएका हुन् । भट्टराईको अपराध अनुसन्धान निर्देशनालयमा सरुवा भएको छ । गृह मन्त्रालयले १६ जना डिआइजीको सरुवा गरेको हो । सरुवामा ७ वटै प्रदेशका डिआइजी फेरिएका छन् । कोशी प्रदेशमा चन्द्र कुवेर खापुङ, बागमती प्रदेशमा विष्णु कुमार केसी र गण्डकीमा विकास राज खनाललाई सरुवा गरिएको छ । कुवेर कडायतलाई लुम्बिनी, लालमणि आचार्यलाई कर्णाली र रवीन्द्र केसीलाई सुदूरपश्चिम प्रदेशमा सरुवा गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । डिआइजीहरु सुरेन्द्र मैनाली नेपाल प्रहरी शिक्षालय भरतपुर, बुद्धिराज गुरुङ अख्तियार, किरण राणा सिआइबी र राजेश बास्तोला प्रहरी प्रधान कार्यालयस्थित अन्वेषण योजना तथा विकाश निर्देशनालयमा सरुवा भएका छन् ।

# ठाकुर जेल चलान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश आन्दोलनक्रममा ८ वर्षअघि ज्यान गुमाएका सशस्त्र प्रहरीका असई थमन विकको हत्या मुद्दामा जन्मकैद सजाय पाएका महोत्तरीका मोहन ठाकुर जेल चलान भएका छन् । उनलाई महोत्तरी जिल्ला अदालतले मंसिर २८ गते कैद फैसला गरेको थियो । ठाकुर लेनदेन मुद्दामा सिन्धुली कारागारमा सजाय भुक्तान गरिरहेका थिए । जलेश्वर नगरपालिका–९ का ठाकुर विक हत्यामा दोषी ठहर भएपछि जेल चलान भएका हुन् । ठाकुर पुस १३ गते सिन्धुली कारागारबाट जलेश्वर कारागार चलान भएका थिए ।

असई विक हत्या मुद्दामा एमाले सांसद लक्ष्मी महतो कोइरीसहित २ जनालाई सफाइ दिँदा महोत्तरी जिल्ला अदालतले ठाकुरसहित सात जनालाई जन्मकैद सजाय सुनाएको थियो । मुद्दामा अदालतले कोइरीसँगै अर्का अभियुक्त पवन कापरलाई सफाइ दिएको थियो । ठाकुरसहित सञ्जयकुमार साह, प्रदीप साह माझी, शंकर शाही भन्ने रामशंकर मिश्र,अभिराम शर्मा, सुरेश पाण्डे र धर्मेन्द्र रायलाई अदालतले जन्मकैद सजाय सुनाएको थियो ।

# नगर प्रमुख र प्रशासकीय अधिकृतबीचको तीनबुँदे सहमति




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सप्तरीको कञ्चनरूप नगरपालिकाका नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीचको विवाद जिल्ला प्रशासन कार्यालय सप्तरीमा तीन बुँदे सहमतिसहित मिलापत्रमा रुपान्तरण भएको छ ।
नगर प्रमुख ललन प्रसाद गुप्ता र प्रमुख प्रशासकीय पुरुषोत्तम घिमिरे अधिकृतबीच हात हालाहाल भएको र नभएको विवादले नगरको वातावरण अस्तव्यस्त भएपछि मंगलबार प्रमुख जिल्ला अधिकारी किरण थापाको रोहबरमा तीन बुँदे सहमतिका साथ मिलापत्र भएको हो । तीन बुँदे सहमतिको बुँदा नम्बर १ मा भनिएको छ, ‘कञ्चनरूप नगरपालिकामा पुस २३ गते भएको घटनाउपर छलफल हुँदा आआफ्नो तवरबाट भएका कमीकमजोरी र गल्ती महसुस गरी एक अर्काबीच अमर्यादित व्यवहार नगरी नगरपालिकाभित्र सौहार्दपूर्ण कार्य वातावरण सुरक्षाको प्रत्याभूति दिने निर्णय गर्ने ।’ त्यसैगरी बुँदा नम्बर २ मा कञ्चनरूप नगरपालिकाका महत्वपूर्ण निर्णय गर्दा नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच सहकार्य गरेर गर्ने भनिएको छ । बुँदा नम्बर ३ मा आआफ्नो पदीय मर्यादामा रही काम कारबाही सुरु गर्ने र व्यक्तिगत कमीकमजोरी, बोली, भाषा व्यवहार सुधार गर्दै जाने उल्लेख छ ।
घटनामा नगर प्रमुख गुप्ताले आफूले हातपात नगरेको दाबी गर्दै आएका थिए भने अधिकृत घिमिरेले नगर प्रमुखले कार्यकक्षमा बोलाएर आफूलाई हातपात गरेको बताएका थिए ।
घटनापछि नगरपालिका र वडा कार्यालयका कर्मचारी सम्पूर्ण काम कारबाही रोकेर आन्दोलनमा उत्रिएका थिए भने सहमतिपछि बुधबारबाट सेवामा फर्किने कर्मचारीहरूले बताएका छन् ।

# बसपार्कबाटै बस हरायो !



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित बसपार्कबाटै बस चोरी भएको छ । ना४ख २३२७ नम्बरको नवदुर्गा ट्राभल्सको बस चोरी भएको प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले जानकारी दिए । जनकपुरदेखि महोत्तरीको भिठामोडसम्म चल्ने बस सोमबार बसपार्कमा पार्किङ गरी राखिएको थियो । बस महोत्तरीको पिपरा गाउँपालिका–३ बस्ने कालिन्द्र मिश्राको हो । डिएसपी अवालेका अनुसार बस अरू जिल्लामा बेवारिसे अवस्थामा रहेको जानकारी आएको छ । मंगलबार अपराह्न ४ बजे बसपार्क जाँदा बस नदेखेपछि उजुरी प्रहरीमा उजुरी परेको हो ।

# गाँजासहित महतो पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्लाही, कबिलासी नगरपालिका–१० का ४५ वर्षीय अजय महतो गाँजासहित पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय हरिपुरबाट खटिएको प्रहरी टोलीले महतोको घर अगाडि कम्पाउण्डमा थुपारी राखेको परालको भुसा खानतलासी ४ किलोग्राम लागु औषध गाँजा बरामद गरेको हो ।
यस्तै, प्रहरीले कबिलासी वडा नम्बर ९ झिम नदी किनारको कच्ची बाटोबाट २ सय ५० किलो गाँजा बरामद गरेको छ ।

# रोकिएन नदीजन्य पदार्थ उत्खनन्



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा, क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर ७ स्थित जलाद खोलामा नदीजन्य पर्दाथको अवैध उत्खनन रोकिएको छैन । इलाका प्रहरी कार्यालय महेन्द्रनगर धनुषाले अवैध रुपमा बालुवा उत्खनन् गरिरहेको अवस्थामा प्र २–०२–००१ त १५२२, प्र २–०२–००१ त २०४९ र नयाँ अनटेस्ट ट्र्याक्टर नियन्त्रणमा लिएको छ । प्रहरीले थप कारबाही अघि बढाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सहकारीपीडितलाई सम्पर्कमा आउन अनुरोध

**रासस**
**जनकपुरधाम ।**
नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले काठमाडौँको तीनकुनेस्थित रियल गोर्खा बचत तथा ऋण सहकारी संस्थाबाट ठगीमा परेका पीडितलाई सम्पर्कमा आउन अनुरोध गरेको छ ।
ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक नवराज अधिकारीले सहकारीका केही व्यक्ति पक्राउ परेकाले उनीहरूविरुद्ध मुद्दा अघि बढाउनुपर्ने हुँदा ठगीमा परेकालाई समयमै सम्पर्कमा आएर जाहेरी दिन सार्वजनिक अनुरोध गरिएको जानकारी दिए । उनले भने, ‘सहकारी ठगीमा सञ्चालकलाई मुद्दा चलाउनुपर्ने हुन्छ, सबै पीडित आएमा बिगो कायम तथा जेल सजायाका लागि प्रतिवेदन तयार पारी जिल्ला सरकारी वकिलमार्फत मुद्दा चलाउन सकिने भएकाले जतिसक्दो छिटो सम्पर्कमा आएर जाहेरी दिन आग्रह गरेका छौँ ।’
प्रहरी उपरीक्षक अधिकारीले काठमाडौँको तीनकुने केन्द्रीय कार्यालय भई जोरपाटी र भक्तपुरका विभिन्न क्षेत्रमा सरकारीले सेवा दिएको र सोही क्रममा सञ्चालक समितिका सदस्यले निक्षेपकर्तालाई आर्कषक ब्याजदर दिन्छु भनी प्रलोभन देखाइ निक्षेपकर्ताको ठूलो रकम हिनामिना गरेको पाइएको बताए । अहिलेसम्मको अनुसन्धानमा १२ करोड ३५ लाख बचत रकम अपचलन तथा हिनामिना गरेको पाइएको उनले बताए । रकम हिनामिना गरी फरार अध्यक्ष हर्कबहादुर कठायत र सदस्य विनोदकुमार ओझालाई पक्राउ गरी अनुसन्धान थालिएकाले बचतकर्तालाई सम्पर्कमा आएर जाहेरी दिन ब्यूरोले आग्रह गरेको छ ।
कठायत र ओझाले सर्वसाधारणलाई सहकारी मुद्दती, निक्षेप, आवधिक बचत, शेयर तथा विभिन्न बचत खातामा जम्मा गर्न लगाई मासिक–त्रैमासिक–वार्षिकरूप मा ब्याज पाउने र निर्धारित अवधि नाघेपछि निक्षेपको सम्पूर्ण साँवा, ब्याज फिर्ता पाउने विश्वासका पारी रकम सङ्कलन गरेका थिए । समय पुगेपछि संस्थामा बचतकर्ताले जम्मा गरेको रकमको साँवा, ब्याज फिर्ता नदिएको तथा लामो समयदेखि ध्यानाकर्षण गराउँदासमेत नियमानुसार पाउनुपर्ने निक्षेप तथा सोको ब्याज रकम उपलब्ध गराउन आवश्यक पहल नगरी संस्था नै बन्द गरेर फरार भएपछि पीडितले प्रहरीमा जाहेरी दिएका थिए ।

# मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

**रासस**
**जनकपुरधाम ।**
महोत्तरीको जलेश्वर–बर्दिबास सडकखण्डमा सोमबार राति दुईवटा मोटरसाइकल एकापसमा ठक्कर खाँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रामगोपालपुर नगरपालिकाको थलही विर्ताका ३० वर्षीय मुकेश चमार र भङ्गहा नगरपालिका–३ का ३२ वर्षीय धमेन्द्र महतो रहेका जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिए ।
दुर्घटनामा मोटरसाइकलको पछाडिमा सवार भङ्गहा–५ का ३१ वर्षीय श्रीराम गोसाई र बर्दिबास नगरपालिका प्रेमनगरका ३६ वर्षीय प्रदीपकुमार यादव घाइते भएका छन् । उनीहरूको बर्दिबासस्थित शुभस्वस्तिक अस्पतालमा उपचार भइरहको छ । सोमबार राति ९ बजे जलेश्वरबाट बर्दिबासतर्फ जाँदै गरेको ज११प ८०९९ नम्बरको मोटरसाइकल र बर्दिबासबाट जलेश्वरतर्फ आउँदै गरेको प्र२–०२–००४प १८४० नम्बरको मोटरसाइकल औरही नगरपालिका–१ स्थित वडा कार्यालय नजिकै ठक्कर खाँदा दुवै मोटरसाइकलका चालकको मृत्यु भएको गिरीले बताए ।
बाक्लो हुस्सुका कारण तीव्रगतिमा रहेका दुवै मोटरसाइकलका चालकले एकअर्कालाई नदेखेको र अचानक ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।
दुर्घटनापश्चात गम्भीर घाइते दुवै चालकलाई उपचारका लागि शुभस्वस्तिक अस्पतालमा लगिएकामा उपचारका क्रममा उनीहरूको मृत्यु भएको थियो ।

मधेश प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र पर्सा

बिरगंज, नेपाल

सूचना प्रकाशन मिति: २०८०।०९।२५ गते

यस कार्यालयको चालु आव २०८०।८१को स्विकृत वार्षिक कार्यक्रम अनुसार कृषि उत्पादन प्रवर्द्धनको लागी कृषि सडक निर्माण सम्बन्धी कार्यक्रम रहेकोले कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी २०७६ (संशोधन सहित) र कृषि सडक निर्माण सम्बन्धी मापदण्ड २०८० तथा अन्य प्रचलित कानून बमोजिम अनुदान प्रवाह हुन सक्ने गरी औपचारिक वा अनौपचारिक उपभोक्ता कृषक, कृषक समूह, कृषि उत्पादनमा संलगन कृषि सहकारी सँस्था, कृषि उत्पादक फर्म/ कम्पनीहरु (अनुदानग्राही)वाट तपसिलमा उल्लेखित अनिवार्य शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितीले १५ दिन (मिती: २०८०।१०।१० गते) भित्र निर्धारित ढाँचाको आवेदन फारम साथ आवश्यक कागजातहरु सहित खामबन्दी आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। अधुरो र अपूर्ण वा रितपूर्वक नभएको आवेदन फारम स्वतः रद्द हुनेछ। कार्यक्रम सम्बन्धी सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित रहनेछ।

**तपसिलः**

१ आवेदक कानून बमोजिमका ब्यक्ती भएको हकमा दर्ता नविकरण तथा कर चुक्ता प्रमाण पत्रको आफैवाट प्रमाणित फोटोकपी
२ आवेदक उपभोक्ता कृषक रहेकोमा आवेदनमा संलग्न सवै सहभागीहरुको नागरिक्ता तथा जग्गाधनी प्रमाण पुर्जाको फोटोकोपी
३ कृषि उत्पादन प्रवर्द्धन मुख्य उद्देश्य रहेकोले कृषि उत्पादन क्षेत्रमा प्रत्यक्ष पहुँच स्थापित गराउन समस्या रहेको ब्यहोरा उक्त क्षेत्रको नापी कार्यालयवाट प्राप्त नक्शामा देखाउनु पर्ने छ।
४ प्रस्तावित कृषि सडक निर्माण हुने स्थान क्षेत्रको फुल साइजको कम्प्यूटर प्रिण्ट वा ब्लु प्रिन्ट नक्शामा निर्माण हुने कृषि सडक लम्बाई र चौडाई सहित कहाँ देखि कहाँ सम्म हुने र अनुमानित ह्यूमपाइप कलभर्टको आवश्यक सँख्या समेत स्पष्ट रुपमा देखाएर नक्शा पेश गर्नु पर्नेछ।एकभन्दा बढी नक्शामा जाने भए ति सवै एक आपसमा जोडेर नै देखाएर समावेश गर्नु पर्नेछ।
५ प्रस्तावित कृषि सडक आयोजनामा समावेश हुने जग्गा नापी कार्यालयवाट जग्गाको नक्शामा लगत कट्टा गर्दा दावी विरोध नगर्ने ब्यहोराको समावेश हुने सवै जग्गाधनिहरुको स्पष्ट रुपमा लिखित मंजुरी समावेश भएको हुनु पर्नेछ।
६ कृषि सडक आयोजनाले प्रत्यक्ष छोएका जग्गाधनीहरुको छलफल तथा निर्णयको माइन्यूट जग्गाधनीको नागरिक्ता जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी तथा सक्कल मंजुरीनामा।
७ प्रस्तावित कृषि सडक आयोजना स्थान अन्य कुनै निकायको कार्यक्रममा समावेश वा छनौट नभएको वा अन्य कुनै पनि निकायवाट यस आयोजनामा लगानी नभएको वा नहुने ब्यहोरा खुलाएको सम्बन्धीत स्थानिय तहको कार्यालयवाट जारी भएको सिफारिस पत्र।
८ प्रस्तावित कृषि सडक आयोजनाको कार्यान्वयनवाट कृषि उत्पादनमा कसरी प्रभाव पार्ने ब्यहोरा खुलाउने । बढीमा दुई पानामा
९ प्रस्तवित कृषि सडक आयोजनाको अनुमानित लागत तथा अपेक्षित अनुदान रकम र आवेदक तर्फवाट लागतमा सहभागीता हुने वा नहुने, हुने भए लगानी सुनिश्चितताको लागी रकमको श्रोत लगायतको ब्यहोरा छुट्टै पानामा लेखेर समावेश गर्नु पर्नेछ। कम लागत अनुमान तथा तुलनात्क बढी लागत सहभागीता जनाएको आवेदकलाई प्राथिकतामा राखेछ।

\- कार्यालय प्रमुख

# कटहरियामा तालाबन्दी जनप्रतिनिधि उत्रे खबरदारीमा



**सञ्जय मिश्रा**
**रौतहट ।**
नगर प्रमुख अजयप्रकाश जैसवालमाथि भ्रष्टाचारको आरोप लगाउँदै कटहरिया नगरपालिकामा तालाबन्दी गरेका जनप्रतिनिधिहरु खबरदारीमा उत्रेका छन् । उपप्रमुख रीतादेवी यादवको नेतृत्वमा गएको जनप्रतिनिधिको टोलीले सोमवार नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका जनप्रतिनिधिहरु मंगलवार बिहानैदेखि कार्यालयको प्राङ्गणमा बसेर खबरदारी सुरु गरेका हुन् । खबरदारी टोलीमा उपमेयर यादव, वडा २ का अध्यक्ष भूपेन्द्र कुशवाहा, ४ का अध्यक्ष चन्दन कुशवाहा, ५ का अध्यक्ष सर्फलाल गुप्ता, ७ का अध्यक्ष सहिद मियाँ, कांग्रेस नगर सभापति शम्भु यादव, कार्यपालिका सदस्य जामुन ठाकुर, पूर्व वडा अध्यक्ष उमेश यादव, वडा प्रत्याशी हरेन्द्र यादव रहेका छन् । जनप्रतिनिधि तथा पार्टी प्रतिनिधि कार्यालय समय बिहान १० बजेदेखि साँझ ५ बजेसम्म नगरपालिकाको प्राङ्गणमा बसेका थिए । खबरदारीको क्रममा उनीहरुले सञ्चारकर्मीलाई सम्बोधन गर्दै यो कुनै पार्टीको लड़ाई नभई नगर बचाऔं अभियान भएकाले सहयोग गर्न सम्पूर्ण नागरिक तथा कर्मचारी लाई आग्रह गरेका थिए । आफूहरुको माग सम्बोधन नभएसम्म नगरपालिकाको ताला नखोलिने बरु थप सशक्त आन्दोलन गर्ने उनीहरूले चेतावनी दिएका थिए । जनप्रतिनिधिले तालाबन्दी गरेका बावजूद नगरपालिकाका अधिकांश कर्मचारी कार्यालय बाहिरै बसेर समय बिताएका थिए । करोडौं रुपैयाँ अनियमितता गरेको आरोप लगाउँदै हिसाब किताब सार्वजनिक गर्नुपर्ने माग सहित उपमेयर रिता देवी यादव सहितका जनप्रतिनिधिले मेयर जैसवालको कार्यकक्षमा तालाबन्दी गरेका छ । निर्वाचित भएदेखिनै जनप्रतिनिधिहरुलाई झुक्याएर हस्ताक्षर गराई करोडौं रुपैयाँ अनियमितता गरेको आरोप लगाउँदै उपमेयर रिता देवी यादवको नेतृत्वमा गएको जनप्रतिनिधिको टोलीले नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेको छ । विभिन्न ८ बुँदे माग गर्दै उपमेयर यादव सहितका जनप्रतिनिधिको टोलीले कर्मचारीलाई कोठा बाहिर निकालेर छुट्टाछुट्टै फाँटहरुमा तालाबन्दी गरेको हो । नगरक्षेत्र अन्तर्गत घरायसी प्रयोजनमा खर्च भएको विद्युत महशुल बापत प्राधिकरणको बक्यौता रकम सुनिश्चित गर्नुपर्ने, नगरपालिका मातहत तथा कार्यालयमा विगतदेखि खट्दै आएको कर्मचारी, डोर, करार, सफाईकर्मी, सबैको बाँकी तलब भुक्तानी गरी कर्मचारी राख्ने वा नराख्नेबारे छलफल गर्नुपर्ने, कुनै पनि शीर्षकमा खर्च गर्नु अघि खर्चको प्रस्तावमाथि नगर कार्यपालिका बोर्डको बैठकबाट सुनिश्चित गर्नुपर्ने माग गरिएको छ । त्यस्तै बिगतमा नगरक्षेत्र भित्र हैन्डपाईप जडानमा छुट्याईएको रकमको लेखाजोखा बोर्डलाई जानकारी दिनुपर्ने, विधुत पोल खरिदको लागि छुट्याइएको १ करोड रुपैयाँ प्राधिकरण कार्यालयमा जमा गराई सम्झौता गर्नु पर्ने, आर्थिक बर्ष २०७९÷०८० मा केन्द्र, प्रदेश सरकार तथा अन्य निकाय संघ÷संस्थाबाट आएको योजनाको प्रगती विवरण सार्वजनिक गर्नुपर्ने र नगरपालिकामा कार्यरत स्थायी, करार, डोरको संख्या, नाम ठेगाना सहित, उनीहरूको तलबमानको विवरण तथा भुक्तानीबारे लिखित जानकारी गराउन माग गरिएको छ । नगरपालिकाको स्वास्थ्य, जिन्सी, प्रशासनबाहेक मेयर समेतको कार्यकक्षमा तालाबन्दी पछि उपमेयर रिता देवी यादव लगायत जनप्रतिनिधिले तालाबन्दीको कारणबारे बताएका थिए । मेयर अजयप्रकाश जैसवालले करार कर्मचारी, डिजल पेट्रोल, कर्मचारीको खाजालगायत विभिन्न शीर्षकमा करोडौं रुपैयाँ अनियमितता गरिरहेको आरोप लगाएका थिए । गत १८ गते बसेको कार्यपालिका बोर्डको बैठकमा उक्त बिषय बारे जानकारी माग्दा मेयर जैसवालले मंगलबार २३ गते हुने कार्यपालिका बोर्डको बैठकमा सम्पूर्ण विवरण पेस गर्ने बताएका थिए । १८ गतेको सूचना अनुसार मंगलबार भनिएको बैठकमा सहभागी हुन आउँदा मेयर जैसवाल, प्रमुख प्रशासकीय अधिकृत गौरीशंकर सिंह अनुपस्थित रहेको उपमेयर यादवले बताईन । एकातर्फ मेयर अधिकृत बैठकमा सहभागी नहुनु र अर्को तर्फ मेयरको मानिस हिँउदे अधिवेशनको लागि कार्यपालिका सदस्यहरुको घरघरमा निर्णय पुस्तिका लगेर हस्ताक्षर गराउन सुरु गरेकाले मेयरको नियत ठीक नरहेको उपमेयर यादवले बताईन् । एकातर्फ बिभिन्न शीर्षकमा करोडौं रुपैयाँ निकासा गरेर अनियमितता गरेका मेयर अजयप्रकाश जैसवालले हिँउदे अधिवेशन सकेर पुनः रकम निकासा गराउने दाउमा देखिएकाले बाध्यभएर नगरपालिकामा तालाबन्दी गर्नुपरेको उपमेयर यादवाका साथै जनप्रतिनिधिहरुले बताएका छन् । मासिक १० लाख रुपैयाँभन्दा बढिको डिजल पेट्रोल खर्च, नगरको स्थायी कर्मचारीको मासिक करिब १० लाख तलब आउने स्थानमा करार देखाएर मासिक ३५ लाख तलबको नाममा मेयर जैसवालले लिने गरेको उनीहरूले दाबी गरेका छन् ।



**सुनको ढोकाः** भारत, अयोध्यास्थित रामलला मन्दिरमा स्वर्णजडित ढोका राखिएको छ । तस्बिरः मधेशदृष्टि

# गरुडा नगरपालिकामा तालाबन्दीका कारण कामकाज प्रभावित

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको गरुडा नगरपालिकामा उपप्रमुखसहितका जनप्रतिनिधिहरुले चारदिन अघि गरेको तालाबन्दीको कारण सर्वसाधारणको काम काज प्रभावित भएको छ । नगर प्रमुख कन्थमनी जैसवालको कार्यशैलीप्रति असन्तोष राख्दै उपमेयर चौधरीको नेतृत्वमा गएको जनप्रतिनिधिले गत शुक्रवार नगरपालिकाको मूल गेटमा तालाबन्दी गरेका थिए । गरुडा नगरपालिकामा तालाबन्दी भएको कारण सम्पूर्ण सेवाग्राहीले पाउने सम्पूर्ण सेवा सुबिधाबाट वञ्चित भएका छन् । उपमेयर चौधरी लगायत वडा




अध्यक्षहरुले मेयर कन्थमानी जैसवालमाथि विभिन्न आरोप लगाउँदै गत शुक्रबार तालाबन्दी गरेका थिए । प्रमुख जैयसवालले नियमित कार्यपालिका बैठक नराखेको, आर्थिक वर्ष २०८०/०८१ को नगरसभाबाट पारित योजना गोप्य राखेको, एकतर्फी कर्मचारी नियुक्ती गरेको उनीहरूको भनाई छ । उपप्रमुख सहितको जनप्रतिनिधिहरुको अधिकार कुण्ठित गरेको, विपक्षी दलबाट निर्वाचित वडाध्यक्षको कार्यालयमा कर्मचारी बिहीन बनाएको, वडा नम्बर–८ को कार्यालयको विद्युत लाइन काट्न लगाएको कारण तालाबन्दी गरेको उपमेयर चौधरीले बताईन । गरुडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद जैयसवालले केही तत्वको ईशारामा उनीहरूले विभिन्न बखेडा झिक्दै नगरपालिकामा तालाबन्दी गरेको अरोप लगाए । ताला खोल्नेबारे छलफल समेत भईरहेको उनले जानकारी दिएका छन् ।

# जसपाले माघ ५ मा बलिदानी दिवस मनाउने




**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टीले माघ ५ गते वीरगंजमा बलिदानी दिवस मनाउने भएको छ । जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यतामा बलिदानी दिवस मनाउने निर्णय गरिएको जसपाका वीरगंज महानगर अध्यक्ष ईश्वरचन्द्र यादवले जानकारी दिए । पुष २१ गते बसेको जसपाको वीरगंज महानगर समितिको बैठकले माघ ५ गते वीरगंजको नगरसभा गृहमा केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको प्रमुख आतिथ्यतामा बलिदानी दिवस मनाउने निर्णय गरेको महानगर अध्यक्ष यादवले बताए । मंगलबार एक विज्ञप्ती जारी गर्दै नगरसभा गृहमा माघ ५ गते दिउँसो १२.३० बजेदेखि सुरु हुने बलिदानी दिवसको कार्यक्रममा सहभागी हुन जसपा महानगर समितिले पार्टीका नेता कार्यकर्ता र शुभेच्छुकहरुलाई अपिल गरेको छ ।

# 'दलीय सिन्डिकेटले लोकतन्त्र खतरामा'



**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले दलीय सिन्डिकेटका कारण लोकतन्त्र नै खतरामा परेको बताएका छन् । सिंहदरबार स्थित आजपाको संसदीय दलको कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले प्रमुख दलहरुको सिन्डिकेटका कारण लोकतन्त्र खतरामा परेको बताएका छन् । 'दलीय सिन्डिकेटका कारण लोकतन्त्र नै खतरामा परेको छ । प्रमुख दलका शीर्ष नेताहरुको अहिले मनोमानी चलिरहेको छ । केही मुठिभर नेताका कारण अहिले दलतन्त्र हावी भएको छ', साहले भने, 'अहिलेको व्यवस्था असफल भईसकेको छ । अब राष्ट्रपतिय व्यवस्थामा जानुको बिकल्प छैन् ।' समृद्धि, सुशासन तथा राजनीतिक स्थायित्वका लागि अहिलेको व्यवस्था फालेर राष्ट्रपतिय व्यवस्थामा जानुपर्ने उनले बताए । केही दलका केही मुठिभर नेताका कारण दलीय तन्त्र हावी भएको बताउँदै उनले समृद्धि, सुशासन तथा राजनीतिक स्थायित्वका लागि अहिलकै व्यवस्थाबाट प्राप्त गर्न असम्भव रहेकाले व्यवस्था परिवर्तन गर्न आवश्यक रहेको बताए । कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी नेताहरु आजपामा प्रवेश गरेका छन् । एमाले काठमाडौंका नेतृ सविना बुढाथोकी, संयुक्त राष्ट्रवादी समाजवादीका पूर्वउपाध्यक्ष एवं धादिङ्ग एमालेका नेतृ देवी पण्डित, संयुक्त राष्ट्रवादी समाजवादीका सचिव किसन प्रसाद अधिकारी, केन्द्रीय नेता मोहन बास्तोला लगायतका अगुवा नेताहरु आजपामा प्रवेश गरेको प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् । नवप्रवेशीलाई पार्टी अध्यक्ष साहले पार्टीमा स्वागत गर्दै बधाई तथा थप उज्जवल राजनीतिक भविष्यको कामना सहित शुभकामना दिएका छन् । पछिल्लो समय बिभिन्न पार्टी परित्याग गरी आजपामा प्रवेश गर्नेका लहर चलेको आजपा केन्द्रीय सदस्य एवं कार्यालय सचिव बालकृष्ण सापकोटाले जनाएका छन् ।

# अधिवेशनको तयारी तीव्र

**मधेशदृष्टि**
**रौतहट ।**
नेकपा एमाले रौतहट जिल्ला कमिटिको १० औ जिल्ला अधिवेशन माघको २५ र २६ गते हुने भएको छ । नेकपा एमालेका केन्द्रिय अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न गर्न नेकपा एमाले रौतहटले तयारीलाइ तिब्रता दिएको छ । मंगलबार जिल्ला अधिवेशनलाइ भब्य बनाउन नेकपा एमाले प्रचार बिभाग रौतहटको बैठक बसेको थियो ।

बैठकमा नेकपा एमालेका पोटिब्युरो सदस्य तथा रौतहट इन्चार्ज पुरुषोत्तम पौडेल अधिवेशनलाइ भब्य रुपमा सफल पार्न सबै तहतप्काका नेताहरु सक्रिय हुनुपर्ने बताएका छन् । जिल्ला अधिवेशनलाई भब्य रुपमा सफल पार्नको लागि प्रचार समाग्रीको निमार्णदेखि प्रचार प्रसारलाई व्यवस्थित बनाउन प्रचार विभाग तथा प्रेस चौतारीमा आबद्ध पत्रकारहरुलाई सक्रिय भूमिका निर्वाह गर्न इन्चार्ज पौडेलले आग्रह गरेका छन् । बैठकमा नेकपा एमालेका केन्द्रिय सदस्य उद्धब प्रसाद रेग्मीले सबै मिलेर जिल्ला अधिवेशनलाई सफल बनाउनका लागि लाग्नुपर्ने बताए । पार्टीको जिल्ला अधिवेशनका लागि आगामी माघ ३ गते सचिवालय वैठक आयोजना गर्ने, माघ ६ गते जिल्ला प्रतिनिधि परिषद् भेला र माघ १३ गते प्रतिनिधि चयन गर्ने र माघ २५ र २६ गते जिल्ला अधिवेशन गर्ने निर्णय भएको केन्द्रीय सदस्य रेग्मीले जानकारी दिए । प्रचार विभाग रौतहटका प्रमुख रुपेश कुमार पटेलको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका प्रदेश कमिटि सदस्य बाल बिक्रम कार्की, प्रचार बिभाग रौतहटका सदस्य अशोक कुमार पहाडी, प्रेस चौतारीका केन्द्रिय सदस्य रमेश तिमलसिना लगायतको उपस्थिति रहेको थियो ।

# अवधि भाषामा समाचार सुरु गरेकामा राससलाई आभार

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एकीकृत समाजवादी पार्टी निकट समाजवादी प्रेस संगठन नेपालले राष्ट्रिय समाचार समिति(रासस)ले सोमबारदेखि प्रारम्भ गरेको अवधि भाषामा समाचार सेवाका लागि संगठनका तर्फबाट आभार प्रकट गरेको छ । संगठनका महासचिव रामकुमार एलनद्धारा जारी विज्ञप्तीमा 'संविधानले प्रत्याभूत गरेको सूचनाको हक आम सर्वसाधारणले निःशुल्करुपमा उपलब्ध हुनुपर्छ' भन्ने मान्यतामा आफ्नो संगठन अडिग रहेको र यही क्रममा राष्ट्रिय भाषामा समाचार सेवा राज्यबाटै दिइनु पर्छ भनेर आफूहरुले उठाउँदै आएको आवाजको सम्बोधन अवधि भाषामा समाचार सेवा आरम्भबाट भएको बताउदै राससको नेतृत्व तथा अध्यक्ष धर्मेन्द्र झालाई समेत आभार प्रकट गरिएको छ । अवधि भाषामा समाचार सेवा आरम्भ


समाजवादी प्रेस संगठन नेपाल
Socialist Press Organization Nepal
केन्द्रीय कार्यालय कामपा- १०, बानेश्वर, काठमाडौं ईमेल: spsnepal2078@gmail.com

प्रेस विज्ञप्ति

[illegible], राष्ट्रिय समाचार समिति (रासस)ले सोमबारदेखि प्रारम्भ गरेको अवधि भाषामा समाचार सेवाका लागि संगठनका तर्फबाट रासस नेतृत्व अझ अध्यक्ष धर्मेन्द्र झासहित सबैलाई हार्दिक आभार प्रकट गर्दछौँ । 'संविधानले प्रत्याभूत गरेको सूचनाको हक आम सर्वसाधारणले निःशुल्करुपमा उपलब्ध हुनुपर्छ' भन्ने मान्यतामा हाम्रो संगठन अडिग छ । यही क्रममा राष्ट्रिय भाषामा समाचार सेवा राज्यबाटै दिइनु पर्छ भनेर हामीले उठाउँदै आएको आवाजको सम्बोधन अवधि भाषामा समाचार सेवा आरम्भबाट भएको छ ।

अवधि भाषामा समाचार सेवा आरम्भ लोकतन्त्र, सङ्घीयता र समावेशीता स्वीकारसँगै कार्यान्वयनको चरण पनि बनेको छ । हाम्रो संगठनले विभिन्न भाषाभाषीका सञ्चारमाध्यम जीवन्त राख्न राज्यका तीनै तहबाट यथोचित प्रयास हुनु पर्दछ भनेर आवाज उठाइरहेको अवस्थामा नेपालगञ्ज उपमहानगरपालिकाले अवधि भाषाको समाचारका लागि दिएको योगदानको पनि कदर गर्दछौँ ।

अवधि भाषामा समाचार सेवा आरम्भसँगै यसको गुणस्तरीयता र जनमुखी समाचार सेवा प्रवाहमा कमी नआओस् भनेर हामी उत्तिकै खबरदारी र साझेदारी गरिरहनेछौँ । अन्य भाषाभाषीका समाचार सेवा आरम्भको पनि बाटो खुलेकाले यसतर्फ पनि रासस व्यवस्थापनले आगामी दिनमा सार्थक प्रयास गर्ने छ भन्नेमा विश्वस्त छौँ र संगठनका तर्फबाट हातेमालो गर्न पनि तयार रहेको जानकारी गराउँदै अवधि भाषाको समाचार सेवा आरम्भको सफलताको कामनासहित पुनः एकपटक रासस व्यवस्थापनलाई आभार प्रकट गर्दछौँ ।

रामकुमार एलन
महासचिव
२०८० पुस २४ गते

लोकतन्त्र, सङ्घीयता र समावेशीता स्वीकारसँगै कार्यान्वयनको चरण पनि बनेको छ । 'हाम्रो संगठनले विभिन्न भाषाभाषीका सञ्चारमाध्यम जीवन्त राख्न राज्यका तीनै तहबाट यथोचित प्रयास हुनु पर्दछ भनेर आवाज उठाइरहेको अवस्थामा नेपालगञ्ज उपमहानगरपालिकाले अवधि भाषाको समाचारका लागि दिएको योगदानको पनि कदर गर्दछौँ ।' विज्ञप्तीमा उल्लेख गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन